We have several examples of individuals who did the construction as well as the repair works. Such persons were very rich and major among them come from trading community, high officials of state, or the King and his family members. There are many such examples of repair works done by trust members (Svajana gosthikadhinam Kritva kshetram dattam–Pasupatinath Inscpt. A.D. 533), Village panchayat or religions organizations. Mostly landed properties to carry out the repair and religious works were donated which were called ''Akshayanivi'' (everlasting property). Sometimes cash money are also provided for these works. There are many examples where the kings had donated all the taxes of a particular village or collected from the whole Dranga. The management and repair works of Matindevkula (Temple of Mother goddess) in 612 A.D. and Siva temples named Surbhogesvara as well as Laditamahesvara has been given to local village panchayat in A.D. 617 by King Amsuverma. The inscription of Narendradeva dated A.D. 640 reports about the creation of a trust of Pashupat saivas (Dharmika gananamati sristam...pasupatanam Brahmana) and donated all the taxes to them for the repair and maintenance of temple of Siva Vajresvara. Similar inscription of King Sivadeva II dated A.D. 671 speaks about the donation of whole village for the repairs of Siva temple, water house and to the monastery of Buddhist community.

Pliny reporting the state of affairs being managed during the period of Chandra Gupta Maurya (324–300 B.C.) says that the roads in those days were under the charge of an officer responsible for the upkeep and the repairs. Similarly, during the rules of Emperor

Asoka (273–236 B.C.) there was an officer called Vrajabhumika (RE XII) who was incharge of repairing and maintaining the garden, well, water houses, and rest houses (R.K. Mookherji, The Age of Imperial unity, 1968, 67, and 81). In Nepal our inscription refer about Mathpati, Chhenbhadel (derived from Grihabhandagarik–repairer of structural buildings), Mathpatis (Regmi IV, 31), Viharapati, Devadasa and Devadashis, Uparakshit (Luders, Inscpt. No. 1100–Karle cave), Gandhakuti–bharika (Luders, No–989, Kanheri cave), Chitayidar (who maintained Inns), and Sattalnayaka (Regmi III, 8, A.D. 1445). There is an interesting and clear description in a copperplate of King Rana Bahadur Shaha dated 1798 A.D. where the job of the Chhenbhadel has been enumerated. It lays rules and the duty of officer for the building and repair of temple, Inn, Palace and rest houses. He is asked to repair all the damaged portions, cracks and leakages of temple, inns and to take care of gardens. The management of the donated land to those monuments was also included in his duty.

Protection of Monuments with Natural Heritage

Many of our monuments are built among the forest and natural heritages as well as on the hill tops. These temples and stupas are quite far away from the city or villages. The state in all the phases and periods of history in Nepal had earnestly tried to protect these monuments surrounded by the rich natural heritage. We have already noted that forest and gardens had been included in the list of architecture and Kautilya (Arha. chapt, XX) insists upon preserving and growing of forest of many kinds like--Tapovana, Dravyavana, Nagavana and Mrigavana. He has also recommended the Kings to develop reserved forest with deers and antelops for pleasure trips (Mrigabanam viharartham Ragyah Karayet). In the Buddhacharita and pali literatures also we find the reference of many important gardens. Lumbinivana was one among such gardens where Lord Sakyamuni Buddha was born in 625 or 563 B.C. Most of the ancient monasteries like Benuvana, Mriga–dava (Sarnatha), Amravanarama, Jetavan vihara, the Banyan Groove Vihara (at Kapil–vastu) were built within the gardens of different kinds. Inside the Kathmandu valley, which had been the capital city of Nepal since the first Lichchhavi King Manadeva I (A.D. 464), we find this king erecting a victory pillar before the Vishnu temple at Changu–narayana. During the rule of King Shivadev I (A.D. 590–604) Village and agriculture within the forest were allowed but selling of charcoal and firewood were not allowed. An officer called Vivaskaradhikrita was posted there to look after the forest. The Minnath temple inscription dated A.D. 726 also refers about forest and criminals taking hide inside the forest area. During the Malla period (A.D. 14th–18th) the effort to protect the forests around the temple and monumental areas had been still increased King Jagajja–yamalla protected the forest of Changu with a better zeal. He had also imposed cash fine against cutting the green trees. Similarly, the forests and the temple of Svayambhunath, Gokarna, Sankhu, Chobhar (around the Ganesh temple) and the forest inside the Kirtipur fort (A.D. 1727) were cautiously protected.

The Principle of Repair and Restorations

It is to note that the repairs or Conser–vation of the historical buildings were being

done under some strict laws and principles. The vastusastra have also laid some regulations on this subject. It is to be known that the king of Lichchhavi and Malla periods were well versed in the vedas, smriti books. Epics, Purana, even Visnudharmottara purans and the Agamas. Names of Manu, Yama, Brihaspati can be found in the inscription of Anuparam gomi (A.D. 533–540). An Inscription dated A.D. 1546 mentions about the visnu image and temple which had been built according to the measurements and laws of Vishnu Dharmottarapurana (Regmi, IV, 25). The inscription of Amsuvarma dated 609 A.D. refers about the repairs of Kavach and Garuda (Vehicular bird) of Vishnu. The repairs were done strictly on the old models (Tesam Nidarsanam vapya). Another inscription dated 1492 A.D. refers to the repairs of the temple according to the conservation rule (Jirnodhara vidhananesmim). An inscription dated A.D. 1604 from Patan discloses that the temple of goddess Bhavani had been repaired closely observing the old temple (Sadanam Puratanama Nirikshya Jirnodhara chakara). The Law of repairs has also been referred (Jirnodhara Vidhana) in an another inscription dated A.D. 1634 (Ancient Nepal, Dept. of Arch. No 13, P. 37) and in the inscription dated A.D. 1387 (Regmi, III, P. 46–''Agamokta–Vidhanena pratistha Kriyate). All these examples clearly indicate that the system of building and their conservation in the historical past were done on very scientific line following the old models and as laid down in the ancient books dealing vastusastra in Nepal.

Speech delivered by the Director General, Mr. Khadga Man Shrestha in the concluding session of ICOMOS International Wood Committee Conference

I feel honoured and privileged to speak a few words in the conference of ICOMOS International Wood Committee held in Hotel Himalaya, Lalitpur.

One of the responsibilities of the Department of Archaeology is the conservation of monuments and historical sites. History is defined as a biography of a nation. Scientific approach to national history necessitates the exploration of archaeological sources. We are trying our best to exploit these sources for systematic and scientific study of the national history. Preliminary activities are being undertaken to make an inventory of national monuments. So far preliminary survey of the national monuments has been completed and the reports of which have been published. In this connection, the next step will be to make statutory provision in identifying the national monuments of historical and artistic importance. The Department of Archaeology (DOA) will make a concerted effort to identify the national monuments in co-operation and collaboration with the eminent experties in this area. National symbol will be provided to each and every national monument and responsibility for the conservation of monuments will be properly assigned. The DOA will be working as a co-ordinating agency at the national level.

The DOA is fully concerned with the standardized method of conservation and as such cannot refrain itself from the international convention.

Nepalese monuments are made of the wood, bricks, clay, stones and copper or bronze etc. Preservation of wooden monuments from termites, water leakage and dampness has been a main problem, DOA is facing since a long time. Many artifices have disappeared due to these reasons. Some of them are in deteriorating conditions. Preservation of the wooden monuments by chemical treatment has been one of the ways of monument preservation. The ways and means of preserving the wooden monuments discussed in this conference will prove to be more useful. The emphasis of the conference on the

preservation of wooden artifices by natural treatment process has been a good exposure to us. We would like to appreciate it and would try to use this method as much as possible.

By and large we would also like to show our deep concern in the use of indigenous materials in the monuments conservation. The techniques discussed in the conference has also proved to be more useful in this context.

We feel honoured and glorified for selecting Kathmandu valley as site of this ICOMOS International Wood Committee Conference. It has been proved to be a blessing for the task of conservation of the world heritage sites like medieval palaces of Kathmandu, Bhaktapur and Lalitpur and the cultural sites like Swayambhu, Baudhanath and Changu Narayan and other monuments of historical and cultural importance. The intellectual souvenir of the eminent scholars and experties participating in this conference will prove to be more useful in enlightening our archaeologists. To conclude I found this conference to be very sucessful and hope it will guide the future course of our preservation works.

मालिगाउँमा प्राप्त नयाँ अभिलेखको बारेमा विचार विमर्श

–शङ्करमान राजवंशी

हाडिगाउँसंगैको मालिगाउँ भन्ने ठाउँमा रामध्वज खड्काको जग्गामा नयाँ घर बनाउन जग खन्दा पग्ररी-धारी पुरुष मूर्ति फेला परेको थियो । वि. सं. २०४६ ज्येष्ठ २ गतेको गोरखापत्रमा पुरातत्त्व विभागले त्यस मूर्तिको छोटो परिचयका साथ उक्त मूर्तिको पादपीठमा उल्लिखित अभिलेख प्रकाशित गरेको थियो । सो अभिलेख यस प्रकारको थियो–

संवत् १०७ श्रीपरमदेव · · · महाराजेषु जयवर्म्म

ज्येष्ठ ७ गतेको गोरखापत्रमा इतिहासविद् डा. दिनेशचन्द्र रेग्मीजीले उक्त अभिलेखलाई इ. सं. ४६४ भन्दा पूर्व र समुद्रगुप्तको चौथो शताब्दीको चर्चित अभिलेखभन्दा पछिको भनी विचार व्यक्त गर्नुभएको छ । साथै उक्त अभिलेखमा प्रयुक्त संवत्लाई मानदेव र अंशुवर्माले प्रयोग गरेको संवत् नभई अन्य संवत् हुन सक्ने विचार पनि दिनुभएको छ ।

लिपि विशेषज्ञ श्री हेमराज शाक्यजीले उक्त अभिलेखलाई दोस्रो शताब्दीको भनी मान्नु हुन्छ । सो अभिलेखलाई उहाँले पढ्नु भएको पाठ ज्येष्ठ १२ गतेको राजमती नेवारी साप्ताहिक पत्रिकामा प्रकाशित भएको छ । सो यस प्रकार छ–

संवत् १०७ श्रीपरमदेव प्क महाराजस जयवर्म

ज्येष्ठ १२ गतेको गोरखापत्रमा पुरातत्त्व विभागका लिपि विशेषज्ञ श्री श्यामसुन्दर राजवंशीजीले उक्त अभिलेखलाई दिनुभएको विचार यस्तो छ ।

अभिलेखमा उत्कीर्ण लिपि लगभग आकृतिमा गुप्त लिपिको जस्तो देखिए तापनि ज्यादा जसो लिपिको अक्षर नेपालको प्राचीन लिच्छवि लिपिसंगै बढी मेल खाएको कुरा लिपिको तुलनात्मक अध्ययनबाट बुझिन्छ । अभिलेखको पंक्तिमा पाइने 'य' अक्षर बाहेक अरू अक्षर गुप्त लिपिसंग ठ्याक्कै मिलेको देखिन्न । यद्यपि नेपालमा पाइएका मानदेवकालीन लिपिमा पनि सोही प्रकारको 'य' अक्षर प्रयोग भएको पाइन्छ । साँच्चै भन्ने हो भने यो अभिलेख पंक्तिमा प्रयुक्त लिपि मानदेवकालीन लिपिको पूर्वरूप हुन् भन्नुमा शायद दुइमत नहोला । त्यही लिपि मानदेवकालीनमा आएर अझै परिष्कृत भएको कुरा लिपिको तुलनात्मक अध्ययनबाट बुझिन्छ । साथै अभिलेखमा प्रयुक्त संवत् पनि मानदेवले व्यवहार गरेको संवत् नै हुनुमा बढी संभावना छ । तदनुसार उक्त अभिलेख मानदेवभन्दा २७४ वर्ष अघिको राजा जयवर्माको समकाल हुनगएको कुरा कर्क पेट्रिकको वंशावली र सर्वप्राचीन वंशावली कहलिएको गोपाल वंशावलीबाट पनि पुष्टि हुन आउँछ ।

मूर्तिको पादपीठमा उत्कीर्ण अभिलेखको लिपिलाई अझै गम्भीर तवरले अध्ययन गर्दै जाँदा उपर्युक्त अभिलेखको पंक्तिमा अक्षरहरू केही फरक देखापरेको छ जुन यस प्रकारको छ–

संवत् १०७ श्री पञ्चदेवप्क महाराजस्य जयवर्मन

यसको भावार्थमा संवत् १०७ श्री पञ्चदेव (पाँच देवमा) चौथो महाराज जयवर्मा हो भन्ने अर्थ लगाउन सकिन्छ । यो भयो श्यामसुन्दर राजवंशीजीको विचार ।

फेरि ज्येष्ठ १७ गतेको गोरखापत्रमा डा. दिनेशचन्द्र रेग्मीजीले अभिलेखको पहिलेकै पाठ र मूर्तिको फोटो सहित दिई समुद्रगुप्तको अभिलेखसंग तुलना गरी समुद्रगुप्तको अभिलेख र मानदेवको अभिलेखको बीचको भनी सिद्ध गर्ने विशेष जोड गर्नुभएको छ। अभिलेखमा प्रयुक्त प्क अक्षरलाई ङ्क भनी देवाङ्क पाठ पढ्नु भयो। यो बिलकूल गलत भएको छ। प्क अक्षरले ४ लाई बुझाउँछ। यो कुरा नेपाली लिपि विकास हेरे थाहा हुन्छ।

ज्येष्ठ ३१ गतेको गोरखापत्रमा श्री काशीनाथ तमोटजीले जयवर्मा दोस्रो शताब्दीको हुन सक्ने एक आधार भनी अभिलेखको पहिलेकै पाठको फोटो दिई यस जयवर्मालाई जयदेव हुन् भनी सिद्ध गर्ने कोशिश गर्नुभएको छ। यो उहाँको विचार पनि गलत हो। किनभने जयवर्मा देववंशी नै होइन। त्यसकारण उहाँको तुलना हाँस र कुखुरा एउटै हो भने जस्तो भयो।

श्री श्यामसुन्दरजीले दिनुभएको पाठमा मैले भरपर्दो मानेको छु। उहाँले अभिलेखको छापा नै ल्याई मलाई देखाउनु भएको थियो। उहाँले छापेर देखाउन ल्याउनु भएको अक्षरमा पञ्चदेव नै देखिन्थ्यो। अर्थ गराइचाहिं उहाँको पनि गलत छ। जयवर्मा वर्माकुलका आभीर वंशी हुन् लिच्छवि कुलका देववंशी होइनन्।

पूर्व लिच्छविकालको संवत्लाई शक संवत् भन्ने इतिहासकारहरूको धारणा छ। शायद यसको आधार नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले निकालेको लिच्छवि संवत्को निर्णय भन्ने पुस्तकमा अंशुवर्माले व्यवहार गरेको संवत्लाई सुमति तन्त्रमा वर्णित शक ४९८ बाट उठेको मानदेव संवत् भनेको र तदनुसार पूर्व लिच्छविकालको संवत्लाई शक संवत् भन्ने गरेको होला। तर त्यो निर्णय जरा कुहिएर ढलिसकेको छ। यो कुरा मेरो लिच्छवि संवत्को परिचर्चा र लिच्छवि संवत्को विवादान्त भन्ने पुस्तक हेरे थाहा हुन्छ। नहेरेको भए कुहिएको ठाउँ म देखाइदिन्छु हेर्नुस्।

सुमतितन्त्रमा जसरी ८०२ मा नेपाल संवत् उठ्छ भनेर दियो त्यस्तै ४९८ मा मानदेव संवत् उठ्छ भनी सो लिच्छवि संवत्को निर्णय भन्ने पुस्तकमा दिइएको छ।

शक संवत् चैत्रादि र नेपाल संवत् कार्तिकादि हुनाले नेपाल संवत्बाट शक संवत् ल्याउँदा कार्तिक शुक्ल प्रतिपदादेखि फागुन कृष्ण अमावास्यासम्म नेपाल संवत्मा ८०१ जोड्नु पर्ने र चैत्र शुक्ल प्रतिपदादेखि आश्विन कृष्ण अमावास्यासम्म नेपाल संवत्मा ८०२ जोड्नु पर्छ भन्ने कुरा इतिहासविद् हस्तहरूलाई थाहै होला।

मानदेव संवत् पनि कार्तिकादि हुनाले मानदेव संवत्बाट शक संवत् ल्याउँदा कार्तिक शुक्ल प्रतिपदादेखि फागुन कृष्ण अमावास्यासम्म ४९७ जोड्ने र चैत्र शुक्ल प्रतिपदादेखि आश्विन कृष्ण अमावास्यासम्म ४९८ जोड्ने कुरा सिद्ध छ। तर त्यहाँ चैत्र शुक्ल प्रतिपदादेखि आश्विन कृष्ण अमावास्यासम्म मानदेव संवत्मा ४९९ जोडेर हिसाब गरेको छ। तब अभिलेखको संवत् ३१ शक संवत् ५२९ देखि ५३० आश्विनसम्म रहन्छ भनेको छ। अनि वेङ्कटेश केतकरको सौरार्य ब्राम्हपक्षीय तिथि गणितमा छापिएको अधिमास, क्षयमास सारणीमा शक संवत् ५३० को ज्येष्ठमा अधिमास छ। सो अभिलेखको संवत् ३१ ज्येष्ठमा पर्छ। अभिलेखको संवत् ३१ को ज्येष्ठमा परेको अधिमास धर्मनिर्णय तिथि सार संग्रहको वचन अनुसार पौषमा लिइने भयो।

(लिच्छवि संवत्को निर्णय ९–१० पृष्ठ)

यहाँ कसरी गल्ती गरेको छ भन्ने कुरा अब बुझ्नु हुन्छ कि। यति पनि बुझ्नु हुन्न भने तपाईं इतिहासकार बन्न योग्य भएको छैन।

पूर्व लिच्छविकालको संवत् शक संवत् होइन भन्ने कुरा संवत् ४२७को कार्तिकको चांगुको निरपेक्षको अभिलेख र संवत् ४२७ कै आषाढको पशुपति सूर्यघाटको विजयवतीको अभिलेख प्राप्त छन्। संवत् ४२७ कार्तिकको अभिलेखमा राजा मानदेवलाई जीवित रूपमा वर्णन

गरेको र संवत् ४२७ कै आषाढको अभिलेखमा राजा मानदेवलाई अभूतपूर्व रूपमा वर्णन गरेको छ। चैत्रादि शक संवत् अनुसार आषाढमा भूतपूर्व भइसकेका मानदेव कार्तिकमा फेरि जीवित कसरी हुन्छ? त्यसकारण शक संवत् होइन शक पूर्व २२ मा चलेको लिच्छवि संवत् भन्ने कुरा मेरो लिच्छवि संवत्को निष्कर्ष भन्ने पुस्तकमा निर्णय भइसकेको छ। यो पुस्तक इतिहासकारले साथमा राख्नु जरूरी छ।

तब जयवर्माको अभिलेखको संवत् १०७ लिच्छवि संवत् हो यसमा २२ घटाएपछि शक संवत् हुन्छ भन्ने स्पष्ट छ। यसरी आफूसंग ऐना छँदाछँदै कुवामा अनुहार हेर्न जानुपर्ने आवश्यक के छ।

जयवर्माको अभिलेखमा उल्लिखित संवत्को लगत्तै पछिको पञ्चदेव प्क यो शब्द मितिको द्योतक हो भन्ने कुरामा शङ्का छैन। अब पञ्चदेव प्कको अर्थ गर्न आफ्नो सांस्कृतिक इतिहासमा डुबेर हेरे थाहा हुन्छ कि अर्कोको इतिहासमा डुबेर थाहा हुन्छ त लौ विचार गर्नुस्।

हाम्रो सांस्कृतिक इतिहास भीम रथारोहण हो। ७७ वर्ष ७ महीना ७ दिन पुग्दा भीम रथारोहण गर्ने हाम्रो सांस्कृतिक चलन छ। यसलाई हजार चन्द्र देखेको भन्दछन्। यो इतिहास अहिलेसम्म कायमै छ। शुक्लपक्ष र कृष्णपक्ष गरी एक महीनामा एक चन्द्र मान्ने चलन छ। यसलाई नक्षत्र मानबाट अभिजित समेत गरी २७.९३ नक्षत्रको एक चन्द्र मान्ने चलन छ। यसैलाई देव भन्दछन्। १२ महीनाको १२ चन्द्रको हिसाबले वर्षमा १२ देव हुन्छन्। ७७ वर्ष ७ महीना ७ दिन हुँदा

$$(७७\times१२+७)\ ३०+७ = (९२४+७)\ ३०+७$$
$$= ९३१\times३०+७$$
$$= २७९३७ \text{ दिन हुन्छ।}$$

यसलाई नक्षत्र २७.९३ ले भाग गर्दा

$२७९३७ \div २७.९३$

यसको अर्को रूप

$$\frac{२७९३७}{२७.९३} \text{ हुन्छ। यसलाई दशमलव उडाउँदा}$$

$$\frac{२७९३७}{२७.९३} \times \frac{१००}{१००} = \frac{२७९३७००}{२७९३}$$
$$= १०००\ \text{चन्द्र हुन्छ।}$$

यस संस्कृति अनुसार पञ्चदेव भनी कार्तिकादि वर्षबाट पाँचौं देव फाल्गुण महीना हुन्छ। तब पञ्चदेव प्कको अर्थ फाल्गुण शुक्ल चौथी भन्ने हुन्छ। तसरी पञ्चदेव प्कले मितिलाई बुझाएको स्पष्ट छ। संवत्को लगत्तै आएको पञ्चदेव प्कको अर्थ मिति भन्ने कुरा सान्दर्भिक पनि छ। पञ्चदेव प्कको अर्थ फाल्गुण कृष्ण चौथी नभएर फाल्गुण शुक्ल चौथी किन भयो त भन्नु होला। सार्धपञ्चदेव प्क भनेको भए फाल्गुण कृष्ण चौथी भन्ने हुन्थ्यो। तर पञ्चदेव प्क मात्र उल्लेख गरेको हुनाले फाल्गुण शुक्ल चौथी भन्ने हुन्छ। कृष्णपक्षलाई सार्ध शब्द प्रयोग गर्छन्। यहाँ सार्ध शब्द प्रयोग नगरेको हुनाले फाल्गुण शुक्ल चौथी भन्ने सिद्ध हुन्छ।

काठमाडौंमा मनाइने पायाः र त्यसको ऐतिहासिक महत्त्व

-कल्पना श्रेष्ठ

विषय प्रवेश

हाम्रो राष्ट्र विशेषको सामाजिक तथा सांस्कृतिक उच्चता र सभ्यता स्वरूप यहाँ प्राचीनकालदेखि विशेष अवसरमा विभिन्न किसिमका चाडपर्वहरू मनाइँदै आएका पाइन्छन् । यस प्रसङ्गमा आजभन्दा १३ सय वर्ष जति पहिले नेपाल आएका चिनिया शिष्टमण्डलले व्यक्त गरेको उद्गार स्मरणीय छ । चाडपर्व मनाएर रमाएर बस्ने नेपालीहरूको प्रकृति देखेर सो शिष्टमण्डल समेत प्रभावित भएको कुरा चिनिया ताङ वृत्तान्तमा उल्लिखित छ । त्यस्तै पाश्चात्य विद्वान्हरूले समेत जनालय जति छन् त्यति नै देवालय र मानिस जति छन् त्यति नै देवताका मूर्तिहरू भएको देश भनी मुक्तकण्ठले प्रशंसा गरेका छन् । यस भनाइसित मिल्ने गरी असंख्य देवदेवीहरूका मूर्ति भएको र धार्मिक प्रवृत्तिका मानिसहरूले बास गरेको हाम्रो देशमा विभिन्न चाड पर्वोत्सवहरू वर्षेनी मनाइन्छन् । ती चाडपर्वहरू मनोवैज्ञानिक, वैज्ञानिक, आर्थिक, राजनीतिक, सामाजिक, मनोरञ्जक तथा स्वास्थ्य रक्षाका दृष्टिकोणले निकै महत्त्वपूर्ण छन् । नेपालभित्र मनाइने विभिन्न चाडपर्वहरूमध्ये कुनै चाडपर्व व्यापक रूपमा मनाइन्छन् भने कुनै चाडपर्व स्थान विशेष वा जाति विशेषमा मात्र सीमित छन् । यी चाडपर्वहरूले एकातिर मनोरञ्जन दिने गरेका छन भने अर्कोतिर हाम्रो सांस्कृतिक परम्पराको पनि जगेर्ना गरेका छन् ।

नेपाल उपत्यकामा प्रचलित विभिन्न चाडपर्वहरूमध्ये विजया दशमीका दिन मनाइने पायाः जात्रा पनि एक हो । धार्मिक र सांस्कृतिक दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिएको यस जात्रा वर्षेनी शरद् ऋतुको आश्विन शुक्ल दशमीका दिन काठमाडौं उपत्यकामा मनाइन्छ । यस पर्वमा मुख्यतया आश्विन शुक्ल अष्टमीका दिन खड्गसिद्धिको प्रार्थना गरी विधिपूर्वक देवीको खड्ग स्थापना गरिन्छ । त्यसको पर्सिपल्ट दशमीका दिन धार्मिक रीति अनुसार उक्त खड्ग चालन गरिन्छ। जसलाई पायाः, पायात, पायो, पायाः ह्वयाकेगु, खड्ग जात्रा, खड्ग चालन, चालं आदि भनिन्छ ।

पायाः शब्द नेवारी शब्द हो । यसको पर्यायवाची शब्द 'खड्ग जात्रा' हो । तर पनि नेवारी भाषामा पायाः भन्नाले पालेयो (मार हान्न सक्ने) अर्थात् 'पा' भन्नाले 'काट्ने' र 'याः' भन्नाले यात्रा हुन्छ । यसरी पायाःको अर्थ काट्ने हतियारसम्बन्धी जात्रा भन्ने बुझिन्छ ।

पायाःको ऐतिहासिकता

नेपाल उपत्यकामा पायाः (खड्ग जात्रा)को शुरूआत कहिलेदेखि भयो भन्नेबारे यकीन हुनसकेको छैन ।

तापनि स्थानीय श्रुति, किंवदन्ती र वंशावलीको आधारमा यसको ऐतिहासिकता प्राचीनकालसम्म पुग्छ। परापूर्वकालमा असुर वा दैत्यहरूले तपस्या गरी 'स्त्रीद्वारा बाहेक अरू कसैले पनि मार्न नसक्ने' अजय बरदान भगवान् ब्रह्माबाट पाएका थिए। यसै बरदानको बलले ती दैत्यहरूले स्वर्गमा आफ्नो आधिपत्य जमाई देवताहरूलाई दु ख दिन थाले। अन्त्यमा भगवान् विष्णु, महादेव, इन्द्र आदि देवताहरूले आ–आफ्नो शक्तिद्वारा सर्वशक्तिमान देवी उत्पत्ति गरी दानवहरूको सखाप पार्न थाले। देवीको आक्रमणमा फुत्कन सफल भएका दानव वा दैत्यहरू रांगो, बोका, हाँस, कुखुरा आदि पशुपंक्षीहरूमा प्रवेश गरे। देवीले यसको चाल पाई ती दैत्यहरू लिप्त भएका पशुपंक्षीहरूलाई पनि मार्न थाले। त्यसैको प्रतीक स्वरूप आश्विन शुक्ल नवमीका दिन पशुपंक्षीको बलि दिने परम्परा रहेको हो। सम्पूर्ण दैत्यहरूलाई अन्त्य गरिसकेपछि पनि कहीं कतै त्यस्ता दैत्य बाँकी छन् कि भनी दशमीका दिन खड्ग लिई देवी र अन्य गणहरू घुम्न थाले। जुन परम्परा हालसम्म प्रचलित छन्। यसैलाई पाया: ह्युयाकेगु वा खड्ग जात्रा भन्ने गरेको हो कि भन्ने किवदन्ती पाइन्छ।

त्यस्तै स्थानीय श्रुति अनुसार परापूर्वकालमा उपत्यकाभित्र दैत्य, भूत, प्रेतगण आदिले यहाँका बासिन्दाहरूलाई दु:ख दिन थाले। यस्तो सङ्कटमा ब्रह्मायणी, इन्द्रायणी, नारायणी, माहेश्वरी, दक्षिणकाली, कुमारी, भगवती आदि मातृदेवीहरू खड्ग लिएर दैत्य संहार गर्न निस्के। दैत्यहरू ढालमा लुक्न पुगे। देवीले यस कुराको चाल पाई ढालमाथि खड्ग प्रहार गरिन्। दैत्यहरू फेरि कुभिण्डोमा लुक्न पुगे। देवीले त्यस कुभिण्डोमाथि पनि खड्ग प्रहार गरिन्। यसै परम्परा स्वरूप पाया:मा मातृकागण देवदेवीका प्रतिनिधिका रूपमा खड्ग लिएर ढालमा खड्ग प्रहार गर्ने र कुभिण्डोलाई दैत्यको प्रतीक मानी काट्ने प्रचलन चल्यो भन्ने स्थानीय किवदन्ती पाइन्छ।

वंशावलीको आधारमा केही विद्वान्हरूले खड्ग जात्राको श्रय कर्णाटवंशी राजा हरिसिंहदेवलाई दिएका छन्। उनले नेपालमा आई तलेजूको स्थापना गरी तत्पश्चात उपत्यकामा दशैं चाड मनाउने प्रथा चलाएको हुनुपर्छ भन्ने धारणा वंशावलीकारले उल्लेख गरेको छ। त्यस्तै अर्कोथरि विद्वान्हरूले नेपालमा दशैंको बखत खड्ग जात्राको प्रथा भएकोले यस चाडको प्रथा तन्त्रयानको प्रादुर्भाव भएदेखि नै शुरू भएको हुनुपर्छ भनेका छन्। यसरी दशैं पर्वमा खड्ग जात्रा गरिने हुनाले यसको परम्परा दशैं चाडको उत्पत्तिसंगै गाभिएको तर्क दिएका छन्।

यसै परिप्रेक्ष्यमा भक्तपुरको तलेजूमा मनाइने पाया:लाई दृष्टि दिने हो भने पाया:को ऐतिहासिकता लिच्छवि राजा नरेन्द्रदेवको शासनकालसम्म पुग्छ। भक्तपुरमा सम्पन्न हुने तलेजू पाया:मा लिच्छवि राजा नरेन्द्रदेवको खड्ग प्रदर्शन गरिने चलन अद्यावधि कायम छ। हुनत यस पाया:मा प्रदर्शन गरिने खड्ग लिच्छवि राजा नरेन्द्रदेवकै हो वा होइन किटान गर्न सकिएको छैन तापनि रातो मत्स्येन्द्रनाथको जात्रा शुभारम्भ हुनुअघि लिच्छवि राजा नरेन्द्रदेवको सो खड्ग ललितपुरमा लग्ने परम्परा कायमै छ। यसरी भक्तपुर तलेजू मन्दिरबाट, उल्लेखित खड्ग ललितपुरमा लग्ने तथा भक्तपुर तलेजू पाया: जात्रामा नरेन्द्रदेवको प्रतिनिधिको रूपमा उक्त खड्ग प्रदर्शन गरिने परम्परा विद्यमान भएबाट सम्भवत: सो खड्ग लिच्छवि राजा नरेन्द्रदेवकै हुनसक्ने सम्भावना धेरै छ। यस आधारमा पाया:को परम्परा लिच्छवि शासनकालमा नै प्रचलन भइसकेको बुझिन्छ।

मध्यकालीन नेपालको राजनीतिक अवस्थालाई नयाँ मोड दिने शासकमा जयस्थिति मल्लको स्थान उल्लेखनीय छ। उनले दशैं चाड धूमधामसित मनाउनुका साथै राजपरिवार र अन्य भारदारहरूको समेत गरी जम्मा १७ सय ढाल तरवार त्यसबेला दरबारमा खड्ग-सिद्धि पूजाको लागि आइपुगेको र विजया दशमीका दिन सो खड्ग 'चालन' गरिएको कुराको वर्णन गोपालराज

बंशावलीमा उल्लेख छ । त्यसरी वर्णन गरिएबाट १४ औं शताब्दीमा खड्ग चालन (पाया:) प्रथा विद्यमान भएको स्पष्ट हुन्छ ।

१६ औं शताब्दीको अन्त्यतिर आएर खड्ग जात्रामा विभिन्न देवदेवीहरूको नाच नचाउने थप प्रचलन पनि समावेश गरिएको देखिन्छ । राजा शिवसिंह मल्लले आश्विन शुक्ल पञ्चमीमा पचली भैरव जात्रा चलाउनुको साथै दशमीका दिन हरेक बाह्र वर्षमा टीकाधारी राजाले खड्ग विनिमय गर्ने प्रथा चलाए । त्यस्तै राजा सिद्धिनरसिंह मल्लले दशैं टीकाका दिन खड्ग जात्रा गर्दा ठेचोको नाच र ललितपुरको दुर्गानाथ नचाउने रीत समेत चलाएका थिए । यसरी मध्यकालदेखि दशैं चाड तथा पाया: प्रथा चल्दै आएको पुष्टि हुन्छ । र नयाँ आयामको रूपमा देवी नाचहरू नचाउने परम्परा समेत चल्यो । यद्यपि यी नाचहरू स्थिर रहिरहन सकेन । तापनि वर्तमान समयसम्म पाया: परम्परा धार्मिक, सांस्कृतिक, राजनीतिक दृष्टिकोणले महत्त्वपूर्ण रहिआएको छ ।

पाया:को ऐतिहासिक महत्त्व

प्राचीनकालमा खड्गसिद्धिको के कति महत्त्व थियो प्रमाणको अभावमा प्रष्ट्याउन सकिन्न तापनि मध्यकालमा पाया: तथा खड्गसिद्धिको निकै महत्त्व रहेको कुरा मल्लकालका अभिलेख तथा ठ्यासफूहरूबाट थाहा हुन्छ । ठ्यासफूहरूमा खड्ग स्थापना कहिले कसरी गरिए, चालन कसरी गरिए, साथै ठीक साइतमा खड्ग स्थापना, खड्ग चालन हुन सके मात्र खड्ग सिद्धि प्राप्त हुनसक्छ भन्ने कुरा टिपोट गरिएका छन् । यसो हुनाले खड्ग स्थापना, चालन (पाया:)को लागि साइतमा निकै दृष्टि दिइन्थ्यो । कतिपय ठ्यासफूहरूमा उपत्यकाका तीनै राज्यमा एकै साइत लगनमा खड्ग चालन गरिएको पनि उल्लेख पाइन्छ ।

राजनीतिक दृष्टिले पनि मध्यकालमा खड्गसिद्धिको निकै महत्त्व भएको बुझिन्छ । तत्कालीन समयमा नेपाल राष्ट्र अनेक स–साना राज्यहरूमा विभक्त हुनु र ती राज्यहरूकाबीच आपसमा मेल नहुनुको कारणले गर्दा बराबर लडाई भइरहन्थ्यो । साथै त्यसबेला स्थायी सैन्यको अभावले गर्दा प्रजाहरू पनि सैनिकका रूपमा लडाईंको मैदानमा उत्रनु पर्दथ्यो । यसो हुँदा आफ्नो राज्यको अस्तित्व रक्षाका लागि प्रत्येक वर्ष समर्थ पुरुषले शस्त्र चालनको अभ्यास गर्नु अनिवार्य जस्तै थियो । त्यसको लागि खड्गसिद्धिको पूजा उपासना हुन्थ्यो । यसैले मध्यकालका कति अभिलेख आदिमा शासकप्रति शुभकामना व्यक्त गर्दा 'खड्गसिद्धिरस्तु' भनी लेखिएको पाइन्छ। यसरी खड्गसिद्धिको लागि देवदेवीको सुदृष्टि पनि आवश्यक छ भन्ने धारणा त्यसबेला थियो । यसै धारणाले विजया दशमीको शुभ अवसरमा शुभसाइतमा देवदेवीको पूजाआजाको साथ खड्ग चालन गर्ने (पाया.) प्रथा चल्यो । धार्मिक र सांस्कृतिक दृष्टिकोणले पनि खड्गसिद्धिको निकै महत्त्व भएको बुझिन्छ । उपत्यकाभित्र १२ वर्षमा एकपटक मनाइने पचली भैरव, भद्रकाली नृत्यमा खड्गसिद्धिको निकै महत्त्व रहिआएको छ । यसैले भद्रकाली र पचली नृत्यमा श्री ५ महाराजाधिराजबाट मूल देवीसित खड्ग विनिमय गरिबक्सन्छ । यसरी खड्गसिद्धिका समयमा देवताबाट प्राप्त हुने दैवी खड्गबाट देशको राजालाई शान्ति, कीर्ति, उन्नति, स्वस्ति आदि शक्ति प्राप्त हुन्छ भन्ने शास्त्रोक्त कथन हालसम्म रहिआएको छ । यसरी उपर्युक्त प्रमाणको आधारमा नेपाली जनजीवनमा मध्यकालदेखि खड्गसिद्धि तथा खड्ग चालन (पाया:)को राजनीतिक, धार्मिक, सांस्कृतिक महत्त्व रहिआएको स्पष्ट हुन्छ ।

पाया:को सांस्कृतिक पक्ष

नेपाल अधिराज्यका विभिन्न चाड पर्वहरूमध्ये प्रमुख राष्ट्रिय चाड दशैं हो । यो चाड वर्षेनी शरदऋतुमा आश्विन शुक्ल प्रतिपदादेखि प्रारम्भ भई पूर्णिमाका दिन समाप्त हुन्छ । यस चाडमा विशेषतया घटस्थापना, खड्गस्थापना, स्याकोट्याको (नवमी), चालं (दशमी) लाई महत्त्वपूर्ण स्थान दिइएको छ । यस चाडको सबैभन्दा पहिलो दिन आश्विनशुक्ल प्रतिपदालाई घटस्थापना भनिन्छ । यस दिन घटस्थापना गरी दुर्गा भवानीको

आह्वान गरिन्छ । घटस्थापनापछि आश्विनशुक्ल पञ्चमीका दिन काठमाडौंका पञ्चलिंग भैरव (पचली भैरव) र अजिमा देवीहरूको यात्रा ठूलो भव्यताका साथ चलाइन्छ । यसपछि आश्विनशुक्ल सप्तमीका दिन फूलपाती ल्याउने दिन भनेर नौ वटा फलफूल तथा नवपत्रिका आदि वस्तु भगवतीलाई चढाइन्छ । महाअष्टमी र महानवमीका दिन दुर्गा भवानीको विशेष पूजा हुन्छ । यो दिन ठाउँ ठाउँका भगवतीका मन्दिर पीठहरू तथा कोत घरका साथै व्यक्तिगत घरमा पनि परम्परानुसार विधि विधानपूर्वक पूजाआजा तथा पाठ गरिन्छ । अष्टमीका दिन काठमाडौं, भक्तपुर तथा पाटन शहरका तलेजूको मूल मन्दिरबाट शुभमुहूर्तमा तलेजू भवानीलाई मूलचोकको मन्दिरमा ल्याएर राखिन्छ । सोही दिन तलेजूका पूजारीहरू मूलचोकमा तलेजूको पूजा गर्दछन् । यसै दिन देवी स्थापना, खड्ग स्थापना गर्ने काम सम्पन्न हुन्छ । साथै सबैले आ–आफ्नो घरका पूजाकोठामा आ–आफूले प्रयोग गरेका खड्ग हातहतियारहरू देवी समीप राखी पूजा गरिन्छ । यस पूजामा हतियारहरूका अतिरिक्त गणेश, पीठ, क्षेत्रपाल, अष्टभैरव, आनन्द भैरवको पनि पूजा गरिन्छ । यस्तो परम्परा मल्लकालमा पनि कायम भएको देखिन्छ । मल्ल राजाहरू पनि यस दिन तलेजू देवलमा नित्यकर्म सकी साइत निकाली शास्त्रोक्त विधान अनुरूप चालन पूजा गर्दथे । अष्टमी र नवमीका बीचको मध्यरात कालरात्रिको नामले प्रसिद्ध छ । यस रातभरि मूलचोकमा अवस्थित तलेजूमा गुप्त रीतिले पूजा चल्छ । नवमीको दिनलाई स्याकोट्याको पनि भनिन्छ । यस नवमीका दिन अघिल्लो दिनको अष्टमीमा थापेको हतियारमा पूजापाठ गरी बलि दिने गर्दछन् । यसपछि बलि दिएको बोकाको टाउकोमा कपूरको अथवा घ्यूको बत्ती बालेर मन्त्र उच्चारण गर्दै दुई हातले देवीमा अर्पण गरिन्छ । कुनै कुनै परम्परामा देवीलाई बोकाको रगत चढाउनुका साथै बोकाको आन्द्रालाई फुकी मालाको रूपमा मूलदेवीलाई चढाइन्छ । नवमीको दिन तलेजूमा सयौं रांगा र बोकाहरू बलि दिइन्छ। मल्लकालमा लेखिएका ठ्यासफूमा पनि यस दिन देवीलाई भोगबलि दिई खड्गपूजा गरिएको विवरण पाइन्छ । यस दिन यदि वैष्णवादी र पशुबलि वा कुष्माण्डबलि नदिने परम्परा भएका शाक्त धर्मावलम्बी भए यथाशक्ति जप पाठ गरी पूजा समाप्ति गरिन्छ ।

दशमीका दिन भगवती दुर्गाको पूजा विसर्जन हुन्छ । आश्विन शुक्ल प्रतिपदाको दिन स्थापना गरिएको घडाको जलले यस दिन अभिषेक लिइन्छ र अपराजिता (भगवती) को पूजा गरिन्छ । अपराजिताको पूजा दुई किसिमले गरिन्छ । कुनै परम्परामा गमलामा शमीको सानो विरूवा रोपी त्यसको अगाडि एउटा खड्ग राखी अपराजिताको आह्वान गरी पूजा गरिन्छ । त्यस्तै अर्को परम्परामा सोही गमलाको अगाडि एउटा थालीमा विन्दु, त्रिकोण, षट्कोण, अष्टदल आदि यन्त्र लेखी साथमा खड्ग राखी अपराजिताको पूजा गरिन्छ । त्यसपछि पीठ पूजा गरिन्छ । पीठ पूजा सकिएपछि कलशको जलले आफूलाई अभिषेक गरी सिद्धियात्राको कामना गर्दै खड्ग हातमा लिई सबै दिशातिर सात–सात पाइला हिंडी शत्रुको प्रतीक कुभिण्डो काटिन्छ । यस किसिमको दशमी विधान र अपराजिताको पूजा सञ्चालन गर्ने तरीकाबारे 'शारदीय दुर्गा पूजा पद्धति'मा उल्लेख गरिएको छ । तर यो परम्परा आगमघर अनुरूप फरक फरक छन् । आश्विन शुक्ल दशमीका दिन सबैको घर घरमा देवी दुर्गा भवानीको पूजा विसर्जन गरी खड्ग लिई कुभिण्डो काट्ने परम्परा अद्यापि प्रचलनमा छ । कुनै परम्परामा कुभिण्डोको अतिरिक्त तोरिया, घिरौला, मूला, अदुवा, उखु आदिलाई दैत्यको प्रतीकको रूपमा काट्ने चलन पनि छ । यसै दशमीका दिन काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा अवस्थित आगमघर (द्यो छें), कोटघर, दरबारबाट केवल खड्ग पूजा र चालन मात्र नभई यात्राको रूपमा पाया: पनि सञ्चालन हुन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा सम्पन्न हुने प्रमुख पाया:हरू निम्न प्रकारका छन्:– टेबहा पाया:, वटु पाया:, महाबौद्ध पाया:, कोहिटी पाया:, यटखा पाया:, बनेमा पाया:, लायकु पाया:, कीर्तिपुर पाया:, ठमेल पाया:, असन पाया: आदि । माथि उल्लेखित पाया: परम्परालाई धार्मिक तथा सांस्कृतिक दृष्टिकोणबाट साधारणतया दुई भागमा विभाजन गर्न

सकिन्छ:–

१) हिन्दू मतावलम्बीहरूले मनाइने पाया: र

२) बौद्ध मतावलम्बीहरूले मनाइने पाया: ।

१) हिन्दू मतावलम्बीहरूले मनाइने पाया:– यो पाया: मुख्यत: हिन्दू तथा शाक्त हिन्दू धर्मावलम्बीहरूले मनाउँछन् । यस अन्तर्गत यटखा पाया:, महाबौद्ध पाया:, वटु पाया:, टेबहा पाया:, कोहिटी पाया:, बनेमा पाया:, लायकू पाया:, कीर्तिपुर पाया: आदि पर्दछ । यी पाया: हरू मध्ये कीर्तिपुर पाया: बाहेक अरू सबै पाया मा अष्ट मातृकागण स्थान विशेष चार, आठ, बाह्र अष्टमातृकागणहरू सामेल हुन्छन् । अपवादको रूपमा कीर्तिपुर पाया: मा देवीगणहरूको सट्टामा कीर्तिपुर प्रधान घरका आइमाईहरू मात्रै सामेल हुन्छन् ।

यी पाया: आ–आफ्नो आगम घर (द्यो छें), कोटघर, दरबारबाट निस्कन्छ । यटखा पाया: कंकेश्वरी द्यो छें यटखाबाट, महाबौद्ध पाया: लुचुमही अजिमा द्यो छें महाबौद्धबाट, वटु पाया: भद्रकालीको द्यो छें वटुबाट, टेबहा पाया: भद्रकाली द्यो छें टेबहाबाट (टेबहालबाट), कोहिटी पाया: निलबाराहीको द्यो छें कोहिटीबाट, बनेमा पाया: बनेमा आगमघरबाट, लायकू पाया: हनुमानढोका दरबारबाट, कीर्तिपुर पाया: कीर्तिपुर कोटघरबाट प्रारम्भ भएर आ–आफ्नो स्थानमा फर्किएपछि पाया:को विसर्जन हुन्छ ।

पाया: विशेषतया आश्विन शुक्ल दशमीका दिन सम्पन्न हुने भएतापनि यसको शुरूवात आश्विन शुक्ल अष्टमीका दिनदेखि हुन्छ । यस दिन पाया: सम्पन्न हुने द्यो छेंहरूमा दुर्गा भवानी को पूजा (पंचोपचार)ले गरिन्छ । साथै पीठ पूजा, अष्टभैरव, क्षेत्रपाल तथा गणेशको पूजा पनि गरिन्छ । यस पूजा पश्चात पाया:मा सामेल हुने देवदेवी तथा सदस्यहरूको खड्ग शास्त्रोक्त पाठ गरी स्थापना गरिन्छ । साथमा विभिन्न बुट्टाहरू प्रयुक्त गरेको नाङ्लो (ढाल) तथा वौपा (मन्स्याउने वस्तु राखेको भाँडो) पनि क्रम मिलाएर राखी पूजा गरिन्छ । तर अपवादको रूपमा कीर्तिपुर पाया:मा सप्तमीका दिन पाया:मा सामेल हुने प्रधान घरका आइमाईहरूले कोटघरमा सिन्दूरदानी चढाउन लान्छन् । नवमीका दिन पाया: निस्कने सबै (आगमघरहरूमा) द्यो छेंहरूमा देवीको पूजाका साथै बलि दिने कार्य सम्पन्न हुन्छ । कुनै परम्परामा बलि दिएका रांगा तथा बोकाको आन्द्रालाई फुकी हावा भरी ठोंतो पारेर माला बनाई मूलदेवीलाई चढाउने पनि गरिन्छ । उदाहरणका लागि लुचुंमही अजिमा द्यो छें, भद्रकाली द्यो छें, कंकेश्वरी द्यो छेंलाई लिन सकिन्छ । नवमीका दिन सबै द्यो छेंहरूमा पूजा बलि सम्पन्न भएपछि दशमीका दिन उक्त द्यो छेंहरूमा थकाली नाइकेले दैत्यको अनुहार अङ्कित कुभिण्डो चढाउन ल्याउँछन् । त्यसको लगत्तैपछि देवी दुर्गा भवानीको पूजा आराधनाका साथ पूजा विसर्जन गरिन्छ ।

यसै दिन साँझमा सबै पाया: सदस्यहरू फेरि द्यो छेंमा भेला हुन्छन्। त्यहाँ पायामा सामेल हुने व्यक्तिहरूलाई तत्सम्बन्धी पूजारी (बज्राचार्य, महर्जन, आचार्य)ले देवीको टीका प्रसाद तथा खड्ग ग्रहण गराइन्छ । पूजारीले केही मन्त्र वाचन गरी तिनमा देवदेवी न्यास गराउँछ। सबै सदस्यहरूमा देवी देवता विधिपूर्वक प्रवेश गराइसकेपछि अष्ट मातृका गणहरू द्यो छेंबाट बाहिर निस्कन्छन् । बाहिर निस्कने क्रममा शुरूमा एउटा हातमा ढाल र खड्ग लिई 'लंछ्या' (बाटो पन्छाउने व्यक्ति), त्यसको पछाडि क्रमश: वौपा (भूत मन्स्याउने भाँडो समाएको व्यक्ति) समाउने, कुभिण्डो समाउने र अष्टमातृका देवी तथा देवीगण निस्कन्छन् । पाया: निस्कँदा पञ्चवाद्य (धिमे, भूस्या, ता:, तिन्हु र पोडा) बजाउने व्यक्तिहरू अघि अघि र अष्टमातृका देवी तथा देवीगणहरू र अन्य खड्गधारीहरू पछि पछि पंक्तिबद्ध भएर निस्कन्छन् । सबैभन्दा पछि देवीगणका नाइके अजिमा तथा द्यो छें-स्थित मूलदेवी निस्कन्छन् । यी देवदेवी तथा देवीगणहरूले आ–आफ्नै देवदेवीका विशेष पोशाक पगरी, भोटो, जामा, पटुका लगाएका हुन्छन् । यी देवदेवीका अतिरिक्त अरू सदस्यहरू पनि पाया:मा सामेल हुन्छन् । तर तिनीहरूले देवदेवीको जस्तो विशेष पोशाक लगाएका नभई

साधारण पोशाकमै सम्मिलित भएका हुन्छन् । पाया:मा सामेल हुने सबै देवदेवी तथा सदस्यहरूले दुई हातले खड्ग समाएका हुन्छन् । तिनीहरूको अङ्ग–प्रत्यङ्ग विशेष गरी हातमा अटुट रूपमा कम्पन उठिरहेको हुन्छ । र, साँच्ची नै युद्ध क्षेत्रमा जान लागेका लडाकाहरू झैं देखिन्छन् । ती खड्गधारीहरूले आफूलाई जिस्काउन आउनेलाई परपरसम्म लेखेट्न जाने गर्छन् । भेट्टाएमा खड्गले हान्न पनि पछि पर्दैनन् । तिनीहरूले खासगरी छालाको जुत्ता लगाउने र हा हु गरी जिस्क्याउने व्यक्तिलाई लखेट्ने र खड्गले हान्ने गर्छन् । यसरी यी खड्गधारी तथा देवदेवीहरू दुई हातले खड्ग समाई शरीरलाई कम्पाउँदै निश्चित क्षेत्रभित्र परिक्रमा गर्छन् । यसप्रकार निश्चित क्षेत्र परिक्रमापछि द्यो छेँ प्रवेश गर्नु अघि निश्चित कुमारी स्थान तथा चौबाटोमा माथि उल्लेखित दैत्यको कुभिण्डो काटिन्छ । तर भद्रकाली देवताका द्यो छेँहरूमा भने प्राय: निस्कनु अघि नै कुभिण्डो काटिन्छ । कुभिण्डो काटिने क्रममा सबभन्दा पहिला सानोले र अन्त्यमा थकाली अजिमा (मूलदेवी)को रोल हुन्छ । कुभिण्डो काटिने क्रम समाप्त भएपछि खड्गधारीहरूलाई द्यो छेंमा भित्याइन्छ र पाया: बिसर्जन हुन्छ ।

उल्लेखित पाया:मा लायकू पाया: वनेमा पाया: र कीर्तिपुर पाया:मा केही भिन्नता पाइन्छ । लायकू पाया: सम्पन्न हुनुअघि ओमबहालको दैत्य नृत्य र असन टोलको कुमार नृत्यलाई हनुमान्ढोका दरबारको मूलढोका तथा सिंहढोका अगाडि प्रदर्शन गराइन्छ । यस नाचको प्रदर्शनपछि मात्र पाया: प्रस्थान गरिन्छ । पाया: प्रस्थान गरिने क्रममा अग्रपंक्तिमा हनुमान् त्यसको पछाडि क्रमश: बौपा समाउने, राजकीय खड्ग समाउने र अन्य खड्गधारीहरू रहन्छन् । त्यस्तै वनेमा पाया:मा पाया: निस्कनु अघि राँगाको टाउको एउटा लठ्ठीमा बाँधी दुई व्यक्तिले दुई टुप्पो समाई त्यसलाई बाटोमा लछार पछार गर्दै बाजागाजाकासाथ किलागल टोल परिक्रमा गरिन्छ । यस कार्य पछिमात्र वनेमा पाया: शुरू हुन्छ । तर कीर्तिपुर पाया:मा भने लंछ्या, बौपा समाउने, तथा खड्गधारीहरूको सट्टामा कीर्तिपुर लायकू प्रधान घरका आइमाईहरू बाजागाजाका साथ पंक्तिबद्ध भएर हातमा सिंदूरदानी लिई कीर्तिपुर कोट घरबाट निस्कन्छन् । कीर्तिपुरको यस परम्परालाई 'कीर्तिपुर पाया:' तथा 'सिवू' पनि भनिन्छ । कोटघरबाट शुरूमा सबभन्दा कम उमेरका बालिकाहरू र तिनीहरूको पछाडि तरूनी केटी तथा आइमाईहरू बसेर पाया: सञ्चालन गरिन्छ । पाया:मा सामेल भएका केटीहरूबाट टीका ग्रहण गर्नाले आ–आफ्नो इच्छा पूर्ति हुन्छ र सौभाग्यवती होइन्छ भन्ने जनविश्वास छ । त्यसैले सो दिन कीर्तिपुर लायकूमा पाया:मा सामेल भएका केटी आइमाईहरूबाट टीका ग्रहण गर्नका लागि ठूलो घुइँचो लाग्ने गर्छ । यस अर्थमा काठमाडौंमा मनाइने पाया: अन्तर्गत कीर्तिपुर पाया:को बेग्लै अस्तित्व रहिआएको छ । यस पाया:मा दुर्गा भवानी, कुमारी, आगम देवता आदिको पूजा सम्पन्न गर्ने, कोटघरमा कुभिण्डो काटिने तथा विजय यात्राको रूपमा केटीहरू सिन्दूरदानी लिई टीका ग्रहण गराउँदै पाया: आउने परम्परा उल्लेखनीय छ ।

२) बौद्ध मतावलम्बीहरूले मनाइने पाया:

बौद्धमार्गीहरूले पाया:लाई तान्त्रिक मतानुसार मनाउने गर्दछन् । असन पाया: र ठमेल पाया: खासगरी बौद्धमार्गीहरूले मनाउँछन् । हुनत ठमेल पाया: हिन्दू धर्मावलम्बीहरूले मनाउने पाया: हो तापनि यस पाया:को विधिविधान बौद्धमार्गीहरूले मनाइने पाया:संग धेरै समानता पाइएबाट यस पाया:लाई यहाँ बौद्ध मतावलम्बीहरूले मनाइने पाया: अन्तर्गत नै उल्लेख गरिन्छ ।

ठमेल पाया: अन्य हिन्दू पाया:हरू झैं आश्विन शुक्ल दशमीका दिन सञ्चालन गरिन्छ भने असन पाया: त्यसको भोलिपल्ट अर्थात् आश्विन शुक्ल एकादशीका दिन मात्र निस्कन्छ । यी असन पाया: र ठमेल पाया: क्रमश: असन, बकुननी, आगम घर र विक्रमाशील महाविहार (ठमेल भगवान् बहाल)बाट निस्कन्छन् । यी दुवै पाया:हरूमा पूजासम्बन्धी विधिविधानको कार्य मूल थकाली नोकूद्वारा हुने भए तापनि पाया: परिक्रमा गर्ने क्रममा

पाया:मा संलग्न हुने सम्बन्धित सदस्य परिवारकाबीच त्यस वर्षका सबैभन्दा कम उमेरका बच्चा थकालीको रूपमा चुनिन्छ । असन पाया:को सन्दर्भमा यच्चा पा: कुमारी, असनहिटी मङ्ग, असन नारायण, असन गणेश, असन न्यालों आदि देवीदेवताकहाँ पूजा पठाइन्छ । यस पूजाको कार्य सकिए पश्चात चुनिएका थकाली बालकलाई विशेष बाजागाजाका साथ सम्मानपूर्वक उनको घरमा लिन जान्छन् र तिनीहरूले सो थकालीलाई शृङ्गारपटारका साथ ल्याई आगम घरमा भित्र्याइन्छ । यस क्रिया समाप्त भएको लगत्तैपछि मूल नोकूद्वारा तान्त्रिक पूजा पद्धति अनुरूप आगम घरमा पूजा पाठ गरी पाया:मा सामेल हुने प्रत्येक सदस्यलाई खड्ग सङ्कल्प गरिन्छ र पाया:मा संलग्न हुने ती खड्गधारी सदस्यहरू रोलक्रम मिलाएर असन टोलको परिक्रमा गर्दछ । यस रोलक्रममा थकाली बालक सबभन्दा अगाडि बस्ने गर्छ । हिन्दू मतावलम्बी-हरूले मनाउने अन्य पाया:हरूमा झैं यस असन पाया:मा वौपा समाउने, कुभिण्डो समाउने र ढाल समाउने व्यक्ति-हरू सरिक हुँदैनन् । यिनीहरूको सट्टामा धुपौरा (धुपबत्ती बालिएको मकल), डमरू, घण्टा लिएका व्यक्तिहरू सामेल हुन्छन् । निर्धारित क्षेत्र परिक्रमा गरी सकेपछि आगम घरको मूलढोका अगाडि ती सबै खड्गधारीहरूले रोलक्रम अनुसार कुभिण्डो काटिन्छ । तत्पश्चात् पालैपालो टीका-प्रसाद ग्रहण गराई आगम घरमा भित्र्याइन्छ र पाया: बिसर्जन हुन्छ ।

बौद्ध मतावलम्बीहरूले मनाइने पाया:मा हिन्दू-हरूले झैं अष्टमीका दिन भोगबलि चढाउँदैनन् । आगम-घरमा सबै विधिविधान तान्त्रिक पूजा पद्धति अनुरूप चलाइन्छ । दशमीका दिन पनि आगमघरमा देवदेवीको पूजा तथा अन्य पूजाआजा सबै तान्त्रिक विधि अनुसार नै गरिन्छ ।

ठमेल पाया:मा पनि असन पाया:मा जस्तै पास्नी गरिसकेका बालकहरूमध्ये सबभन्दा कम उमेरका बालक-लाई थकाली बनाइन्छ तर भिन्नता यति मात्र हो कि त्यस बालक थकालीले खड्गको सट्टा हातमा पुस्तक लिएको हुन्छ । हुनत यी पाया:हरूमा धेरै समानता पाइन्छ तापनि ठमेल पाया:का केही विधिहरू अन्य पाया: संग मेल खान्छ । जस्तो– अन्य हिन्दू मतावलम्बीहरूले मनाइने पाया:मा झैं यस पाया:मा पनि लंछ्या वौपा समाउने, कुभिण्डो समाउने व्यक्तिहरू अगाडि र अरू खड्गधारीहरू पछाडि बसेर पाया: निस्कन्छन् । तर यस पाया:मा सामेल हुने खड्गधारीहरू साधारण पोशाकमा नै रहन्छन् । यस ठमेल पाया:मा पनि निर्धारित क्षेत्र परिक्रमा गरिसकेपछि मूलद्वार अगाडि काटिन्छ । कुभिण्डो काट्ने कार्य समाप्त भएपछि थकाली बच्चालाई लसकुस (स्वागत) गरी भगवान् बहाल भित्र्याइन्छ । साथै पाया: पनि बिसर्जन हुन्छ ।

उपसंहार

यसरी काठमाडौंका विभिन्न क्षेत्रहरूमा मनाइने पाया:मध्ये कुनै विजया दशमीका दिन मनाइन्छ भने कुनै पाया: त्यसको भोलिपल्ट मात्र मनाइन्छ । हुनत पाया: पर्वको सांस्कृतिक पक्ष ठाउँ अनुसार फरक फरक छ तापनि यस पर्वको महत्त्व मध्यकालदेखि वर्तमान समयसम्म धार्मिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, मनोरञ्जन-को दृष्टिले रहिआएको छ । धार्मिक दृष्टिले यस पर्वमा शक्ति देवदेवीहरूको विशेष पूजा उपासना, खड्गसिद्धि प्राप्त हुने तथा धार्मिक समन्वयको कारणले यसको महत्त्व रहिआएको छ । त्यस्तै अनिष्ट तत्त्वमाथि विजय प्राप्त गर्ने, शत्रु नाश गर्ने, राष्ट्र रक्षा गर्ने, सुख समृद्धि हुने जस्ता आदि कारणले यस पर्वको राजनीतिक महत्त्व रही आएको छ । सामाजिक एवं सांस्कृतिक दृष्टिकोणले पारि-वारिक सदस्यहरूमा मेलमिलाप, एकताबद्ध हुने प्रेरणा, सङ्गीत कला र संस्कृतिको अभिवृद्धि हुने आदि कारणले पनि यसको महत्त्व रहिआएको छ । पाया: सञ्चालनको समयमा खड्गधारीहरूले आफ्नो अङ्गका विभिन्न भागहरू कम्पन गर्ने, ती खड्गधारीहरूलाई जिस्काउनेहरूमाथि लखेट्न जाने, कुभिण्डो काट्ने, प्राचीन ढङ्गको बाजा

बजाउने तथा नृत्य गर्ने परम्पराले यस पर्वको मनोरन्जन पक्ष झल्किन्छ । यद्यपि यस पर्व मध्यकालमा धार्मिक, सांस्कृतिक तथा राजनीतिक दृष्टिकोणले बढी महत्त्व भए तापनि वर्तमान परिप्रेक्ष्यमा धार्मिक तथा राजनीतिक महत्त्वभन्दा बढी सांस्कृतिक र मनोरन्जनको पक्षलाई महत्त्व दिएको छ । आजको समयमा हाम्रो प्राचीन परम्परा अन्तर्गतको पाया को महत्त्वको अनभिज्ञताले गर्दा बिस्तारै यस प्रथाका महत्त्वपूर्ण कार्य र गतिविधिहरू बिलाउँदै गएका छन् भने कतिपय पायामा आधुनिकपन देखा पर्दैछन् । त्यसैले पाया को वास्तविक महत्त्व तथा उपादेयतालाई बुझी यसको संरक्षण गर्नु आवश्यक देखिन्छ ।

सन्दर्भ ग्रन्थ सूची

१) एण्डरशन, एम. मेरी —'दि फेस्टेभल अफ नेपाल' रूप कं १९८८

२) जोशी, सत्यमोहन —'नेपाल चाडपर्व' राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं सन् १९८२

३) थापा, रमेशजङ्ग —नेपाल देशका इतिहास संग्रह, प्राचीन नेपाल, संख्या १७, २०२८

४) बज्राचार्य, गौतमबज्र —हनुमान्ढोका दरबार, काठमाडौं, ने.ए.अ.सं. त्रि.वि., वि.सं. २०३३

५) बज्राचार्य, धनबज्र —लिच्छविकालका अभिलेख, काठमाडौं, ने.ए.अ.सं. त्रि.वि., वि.सं. २०३०

६) बज्राचार्य, धनबज्र र मल्ल, कमलप्रकाश —गोपालराज वंशावली, काठमाडौं, नेपाल रिसर्च सेन्टर पब्लिकेशन, सन् १९८५

७) बज्राचार्य, धनबज्र र श्रेष्ठ, टेकबहादुर —नुवाकोटको ऐतिहासिक रूपरेखा, काठमाडौं: ने.ए.अ.सं. त्रि.वि., वि.सं. २०३२

८) बज्राचार्य, धनबज्र —'वर्ष कृतिः एक अप्रकाशित ठ्यासफू' भोलम १४ नं. १, ई. १९८६

९) बज्राचार्य, धनबज्र —'चालन दशैंको एक प्रमुख अङ्ग' यति, वर्ष ९, अङ्क ३४, २०३५

१०) बज्राचार्य, पुण्यरत्न —'हाम्रो चाडपर्व', भोटाहिटीः रत्न पुस्तक भण्डार, वि.सं. २०३६

११) बज्राचार्य, पुण्यरत्न —'नेपालका केही यात्रा र मेला', किलागलः जुजुभाइ डंगोल, वि.सं. २०४१

१२) मुनंकर्मी, लीलाभक्त —'मल्लकालीन नेपाल', काठमाडौं: रत्न पुस्तक भण्डार, वि.सं. २०२५

१३) रेग्मी, डी.आर. —'मेडियभल नेपाल' भाग २, कलकत्ता: के.एल. मुखोपाध्याय, सन् १९६६

१४) रेग्मी, डी.आर. —'मेडियभल नेपाल' भाग ३, कलकत्ता: के.एल. मुखोपाध्याय, सन् १९६६

१५) रेग्मी, वेदनाथ —'नेपालमा अष्टमातृका' प्रज्ञा, वर्ष ११, अङ्क २, पूर्णाङ्क ४०, २०३९

१६) राणा, रथी धनशम्शेर —'प्रबद्धसनातनरहस्यम्', काठमाडौं: स्वयं प्रकाशक, वि.सं. २०२०

१७) राणा, रथी धनशम्शेर –'शारदीयदुर्गा पूजा पद्धति', कमलादीः ने.रा.प्र.प्र., वि.सं. २०३२

१८) राणा, रथी धनशम्शेर – कामकलारहस्य' काठमाडौं, ने.ए.अ.के., वि.सं. २०३६

१९) श्रेष्ठ, कल्पना –'यटखा टोल काठमाडौं पाया: जात्रा एक अध्ययन' काठमाडौं, त्रि.वि., ने.इ. सं. तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको लागि शोध–पत्र, वि.सं. २०४६

ललितपुरको छिन्नमस्ता : एक संक्षिप्त अध्ययन

-श्रीमती राज्यश्री श्रेष्ठ

यी देवी ललितपुरको मङ्गल बजारमा रहेको प्रसिद्ध कृष्ण मन्दिरको पछाडि मोमदु गल्लीमा अवस्थित छिन् । छिन्नमस्ताको शाब्दिक अर्थ शिर नभएको भन्ने हुन्छ । नेवारी भाषा 'मो' को अर्थ टाउको र 'मदु' को अर्थ छैन भन्ने हुन्छ । यस गल्लीको नाउँ पनि यी देवीको नाउँबाट नेवारी भाषा अनुसार मोमदु गल्ली रहन गएको बुझिन्छ ।

यस संक्षिप्त लेखमा छिन्नमस्ताको परिचय दिने प्रयास गरिएको छ । ललितपुर नगरमा दश महाविद्याका दशवटा पीठहरू भिन्नाभिन्नै स्थानहरूमा यत्रतत्र छरिएर रहेका छन् जसमध्ये छिन्नमस्ता पनि एक हो ।

यी देवीको स्थापनाको समय भने निश्चित किटान गर्न सकिएको छैन । त्यहाँ अवस्थित देवीको बायाँपट्टि रहेको ध्रुवदेव र जिष्णु गुप्तको संयुक्त शिलापत्रको1 प्रमाणको आधारमा सम्भवतः यी देवीको स्थापना पूर्व लिच्छविकालमा भएको होला कि भन्ने अनुमान लगाउन अत्युक्ति नहोला । हुन त उक्त शिलालेखमा छिन्नमस्तासंग सम्बन्धित कुनै पनि कुरा त्यहाँ उल्लेख भएको पाइँदैन ।

यी देवीको वरिपरिका बासिन्दाहरूको भनाइ अनुसार यी देवी त्यहाँ स्वतः उत्पत्ति भएकी हुन् भनिन्छ ।

पछिबाट त्यहाँका भक्तजन तथा साधकहरूले श्रद्धाका साथ देवीको स्थानमा मण्डप बनाई शिररहित मूर्ति बनाई, घण्टा, सिंह आदि राखेर सानो तथा होचो बार समेत निर्माण गरेका थिए । यी देवीलाई आजसम्म पनि तः इया क तः (क त शाखा) का मानिसहरूले आफ्नो कूल देवता मानी घोडेजात्राको एक दिन अगाडि पाञ्चल्हेको दिन देवाली मनाउने प्रचलन छ । यहाँ विशेष पूजा हुँदा ब्राह्मणद्वारा गराउने चलन छ । यी देवीको दायाँपट्टि ठूलो घण्टालाई चारपाते परेको पत्थर-को खम्बामा झुण्ड्याएर राखिएको छ ।

यी देवी गल्लीको बाटोको छेउमा अवस्थित छिन् र उक्त गल्लीको बाटो करीब ३०/४० फीट जति ढुङ्गाले छापेको पाइन्छ । ढुङ्गा छाप्ने कार्य श्री विद्यालालज्यूबाट सम्पन्न भएको बुझिन्छ ।2

---

1. धनबज्र बज्राचार्य लिच्छविकालमा अभिलेख (काठमाडौं, नेपाल र एशियाली अध्ययन संस्थान २०३०) पृ. ४०१ ।
2. श्री बीरेन्द्रलाल श्रेष्ठ, ल.पु. तथ्याकतः बाट जानकारी प्राप्त भएको ।

यी देवीको वरपर ईंटाको गाह्रो लगाई पोर्सिलियन टाइलले छापेको छ। यो कार्य त्यहाँकै भजन मण्डलीले गराएको बुझिन्छ। त्यहाँको भित्तामा पित्तलका नागहरू अडाएर राखेका पाइन्छन्। यो कार्य त्यहीं नजिक बस्ने चन्द्रलाल श्रेष्ठले गर्न लगाएका हुन्। यस देवीलाई निर्धारित रूपले कुनै नित्य पूजा चलाएको छैन, तर त्यहाँका बासिन्दाहरूले यी देवीको दिनहूँ पूजा गर्ने गरेका छन्।

सात/आठ वर्ष अगाडिसम्म पनि उक्त स्थानमा नियमित रूपले राति भजन गर्ने गरिन्थ्यो। तर सम्भवतः ती भजन गर्ने भक्तजनहरू सबै बूढा तथा अशक्त भएका र नयाँ पीढीका मानिसहरू त्यस कार्यबाट विमुख भएकाले हिजोआज राति भजन बन्द भएको बुझिन्छ।

देवीको चारैतिर प्रदक्षिणा पथ बनेको छ र यस स्थलको वरपर चारैतिर विभिन्न चित्रहरू चित्रकारद्वारा लेखाएर राखे चलन पनि भएको थाहा पाइन्छ। उक्त चित्रहरूमध्ये तीन वटी बोक्सीहरूले औंला बाली आइरहेका र एउटा पुरुषलाई कुचोको पुच्छर राखी चार हात खुट्टा टेकाई बलिको निमित्त लगिरहेको दृश्य देखाइएको छ। एउटा अनौठो कुरा के छ भने उहिले छिन्नमस्ता देवीको स्थान एकान्तमा थियो र हिजोआजको जस्तो बजार बसेको थिएन। त्यही उहिलेको परम्परा अनुसार आजकाल समेत बोक्सी विद्या जान्नेहरू यस देवीस्थलमा मध्यरात्रिमा पूजा गर्न आउने गर्दछन् भन्ने कुरा सुनिन्छ।

मुख्य पूजा गरिने देवीको कुनै आकार प्रकार कुँदिएको छैन। यी देवी अमूर्त रूपमा एउटा साधारण ढुङ्गाको रूपमा रहेको पाइन्छ।

यी देवी बैशाख शुदि चतुर्दशीको दिन मध्यरातिमा जन्मेकी हुन्।[3] पुराणहरूमा उल्लेख भए अनुसार यी देवीलाई गोरखनाथ जस्ता योगीहरू, याज्ञवल्क्य जस्ता ऋषिहरू, हिरण्य कश्यप र बैरोचन जस्ता असुरहरू, परशुराम तथा बुद्धले समेत उनको उपासना गरेका थिए।[4] भक्तजनहरूले जुनसुकै फूलको प्राप्तिका लागि उपासना गर्दछन्, उनीहरूले ती फूल प्राप्त गर्दछन्। सो कुरा देवीको श्लोकमा पनि उल्लिखित छन्।

प्रचण्ड चण्डिका वक्ष्ये सर्व कामफूल प्रदान।
यस्मा प्रसाद मात्रेण एवं भवेन्नरः॥
अपुत्रे। लभतेपुत्र मयंनो धन माप्तुयात्।
कवित्वं चसुपाण्डित्यं लभेत मात्र संशयः॥[5]

भावार्थ

प्रचण्ड चण्डिका श्री छिन्नमस्ताको सम्बन्धमा भनिन्छ कि उहाँको उपासनाबाट सबै कार्यको फल प्राप्त हुन्छ। साधक स्वयं सदाशिव बन्दछ। पुत्रहीनको निम्ति पुत्र प्राप्ति र धनहीनको निम्ति धन प्राप्ति हुन्छ। कवित्व शक्ति र पाण्डित्यत्व शक्तिको विकास हुन्छ।

सृष्टिसंग सम्बन्ध

सूर्य जगत्को आत्मा हो। यसैद्वारा संसारमा सर्वशक्ति एवं प्राण सञ्चार भइरहेको छ। सूर्य नभई दिएको भए जीवजन्तु निष्प्राण हुन्थ्यो। सूर्यको दुई प्रकारका शक्ति मानिन्छ। एक शक्ति जुन सूर्यसंगै निहित रहेको हुन्छ। अर्को शक्ति जसबाट किरणको रूपमा पृथ्वीमा आइरहेको हुन्छ। उक्त शक्तिद्वारा विश्वमा शक्ति एवं प्राण सञ्चार भइरहेको हुन्छ। यसरी सूर्यबाट निरन्तर दिव्य निर्माणको निमित्त शक्ति काटिएर आइरहेकोलाई नै काटि-

3. धनशम्शेर ज.ब.रा. प्रबुद्धसनातनरहस्याम्, (काठमाडौं: धनशम्शेर ज.ब.रा. वि.सं. २०२७ पृ. २१।
4. पं. राजमजी शर्मा आचार्य र चमनलाल गौतम, तन्त्र महासिद्धि, दुर्गा पूजा विधान, द्वितीय संस्करण, (बरेली: संस्कृत संस्थान, सन् १९७७)
5. श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव, बृहत पुराच चर्याणव, तृतीय खण्ड, (काठमाडौं: निरीक्षण एवं विस्तृत प्रकाशित गर्ने धनशम्शेर ज.ब.रा. २०२९) पृ. २०५।

एको मस्तकको नामकरण गरिएको छ । गोपथ ब्राह्मणमा सूर्यको दुई शक्तिलाई दुई टाउको भएको संज्ञा पनि दिइएको पाइन्छ । जसबाट छिन्न शीर्ष भन्ने अर्थ पुष्टि हुन्छ । यसरी छिन्न शीर्षलाई 'कवन्ध' भनिन्छ । कवन्धको महाशक्ति नै 'छिन्नमस्ता' हो ।6

छिन्नमस्ताको उत्पत्तिबारे

एकदिन देवी आफ्ना दुई सङ्गिनी जया र विजयाको साथमा मन्दाकिनी नामक नदीमा स्न न गर्न गएकी थिइन् र स्नान सकिएपछि उनलाई एककासी काम बासनाले सताए, जसको प्रभावबाट उनको वर्ण कालो भएर गयो । ठीक त्यसैबेला उनका सङ्गिनीहरूले भोक लागेको हुनाले खाने कुराको माग गरे र यसरी सङ्गिनीहरूलाई पनि भोक लागेको हुनाले एकक्षण पनि धैर्य धारण गर्न सकेनन् र देवीको साथमा खानेकुरा नभएकोले आफ्नो शिर आफै काटे र त्यहाँबाट रगतको तीनधारा निस्के जसमध्ये दुई धारा रगत आफ्ना दुई साथीहरूलाई पिलाइन् र बाँकी अर्को एक धार रगत आफ्नै काटिएको टाउकोलाई पिलाइन् । यसरी देवीको टाउको काटिएको हुनाले नाम पनि छिन्नमस्ता रहन गयो ।7 यसप्रकारको कथा धार्मिक ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

देवीको योगसंग सम्बन्ध

यस कथाको रहस्य योगसंग पनि सम्बन्धित भएको पाइन्छ । योग शास्त्रमा तीन ग्रन्थीहरूको सन्दर्भ आउँदछ। ती हुन्–ब्रह्म ग्रन्थी, विष्णु ग्रन्थी र रूद्र ग्रन्थी । ब्रह्म ग्रन्थीले मूलाधार र स्वाधीन स्थान चक्रलाई नियन्त्रण गर्दछ । विष्णु ग्रन्थीले मणिपुर र अनाहत चक्रलाई नियन्त्रण गर्दछ र रूद्र ग्रन्थीले विशुद्ध र आज्ञाचक्रलाई नियन्त्रण गर्दछ । साधारण मानवमा ती सबै ग्रन्थीहरू खुलेका हुँदैनन् ।

मानिसहरूलाई धेरै प्रकारका दु:ख, कष्टले र साथै अभावले सताइरहेको हुन्छ । मन्दाकिनी नदीमा नुहाउन जानुको अर्थ हो ब्रह्म ग्रन्थीलाई साधनाद्वारा खोल्नु । स्नानपछि काम बासनाले सताइनुको अर्थ मणिपुर चक्रलाई खुलाउनु अर्थात् काम बासनालाई बसमा नल्याइकन विष्णु ग्रन्थी खुल्दैन । जसको कारणले गर्दा स्नानपछि कामाग्निले देवी काली वर्णकी भइन् र शिर काटिनुको अर्थ अहङ्कारलाई नाश नगरी रूद्र ग्रन्थी (आज्ञाचक्र) खुल्दैन ।8

देवीको वर्णन (ध्यान)

यी देवीको स्वरूप यस प्रकारले वर्णन गरिएको पाइन्छ । जस अनुरूप यी देवी प्रत्यालिढ पद भएकी छिन्न शिर र खड्ग धारण गरेकी दिगम्बरा (नाङ्गी), काटिएको घाँटीबाट रक्तपान गरिरहेकी, मस्तकमा सर्पद्वारा बाँधिएकी मणिधारण गरेकी, तीन नेत्री, कमलको मालाले सुशोभित वक्षस्थल भएकी, जवाकुसुमको जस्तो वर्ण भएकी, दायाँ भागमा घाँटीबाट निस्केको रक्तपान गरिरहेकी, मस्तकमा दायाँ बायाँ दुई करमा खड्ग र खप्पर ग्रहण गरेकी, श्याम वर्णकी देवी, दायाँ पाउ अगाडि र बायाँ पाउ पछाडि (प्रत्यालिढ मुद्रामा) उभिएकी अवस्थामा छिन् । यी देवीको दायाँ भागमा श्वेत वर्णकी त्रिमुक केश भएकी, कैंची र खप्पड ग्रहण गरेकी देवी अवस्थित छिन् ।9

---

6. दिल्लीबहादुर श्रेष्ठ, ल.पु. ध्यायबहालको निजी सङ्कलनमा रहेको कागजातबाट उतारिएको ।
7. श्रेष्ठ, पूर्ववत् (टिप्पणी नं. ६)
8. श्रेष्ठ, पूर्ववत् (टिप्पणी नं. ५)
9. शिवहर राजधानी राजभी, श्री राजदेवनन्दन सिंहबहादुर नराधिपै, शाक्त प्रमोद, (बम्बई: खेमराज, श्री कृष्ण दास, २०४१, सन् १९८४) पृ. २२ ।

यन्त्र:10

यी देवीको मन्त्र

श्रीं ह्रीं क्लीं ऐं बज्रवैरोच– नीये हूं हूं फट् स्वहा11

पूजन विधि

'मन्त्रो महोदधि'मा यस देवीको पूजन विधिको वर्णन गरिएको पाइन्छ ।12

स्तोत्र, कवच, हृदय, सतनाम र सहस्रनाम13

---

10. उही, पृष्ठ २२२ ।
11. नराधिपैः पूर्ववत् (टिप्पणी नं. ९) पृष्ठ २२२ ।
12. उही, पृष्ठ २२३ ।
13. उही, पृष्ठ २२८–३५ ।

भक्तपुरमा ढुङ्गेधाराको विकास व्यवस्था

-लीलाभक्त मुनकर्मी

सृष्टिकालमा पृथ्वी तीन भाग पानी र एक भाग मात्र जमीन थियो। मानिसको विकास बढेपछि ज्यादा पानी भएको समुद्र जनशक्तिले वैज्ञानिक तरीकाले प्रयोग गर्न थाले। आज इटालीको भेनिश शहर तथा नेदरल्याण्ड शहरको व्यवस्था यस प्रसङ्गमा उल्लेखनीय छ। समुद्रको पानीमा भित्रभित्र नै पर्खाल बनाई **Duke** ले घेरी बीचको पानीलाई उपकरणहरूद्वारा बाहिर पठाई समथल भाग निर्माण गराई नेदरल्याण्ड शहर बसालिएको थियो। यसर्थ नेदरल्याण्ड शहर समुद्रमुनि निर्माण गरिएको छ। तर हाम्रो नेपालमा भने सागर या समुद्र नभई पहाड पर्वतका झरना र शृङ्खलाबाट पानी सङ्कलन गरी प्रयोगमा ल्याइएको पाइन्छ। यहाँको जनजीवनको लागि ताल, नदी, दह, इनार, कुवा आदि र झरनाबाट पानी सङ्कलन गरी सुविधा पुऱ्याइएको छ। आजसम्म नेपालको भूभाग जम्मा यति पानीको भण्डार छ भन्ने तथ्याङ्क भएको पुस्तक देखिएको छैन।

नेपालमा किराँतीहरूले प्रवेश गरेपछि हिमपर्वत निस्केका नदी, नाला, झरनाको पानीपोखरी र इनारको पानीबाट भक्तपुर शहरलाई व्यवस्थित तुल्याइएको पाइन्छ। तर अहिले किराँतीकालमा निर्माण गरिएका यस्ता जलाशयहरू प्रमाणित रूपमा प्राप्त हुनसकेका छैनन्। लिच्छविहरूले प्रवेश गरेपछि आजको भक्तपुर शहरलाई ख्वोपूङ ग्राम, माखोपूङ आदि नामले सम्बोधन गरिएको भक्तपुर शहरमा बनेका ढुङ्गेधाराहरू हामीले पाएका छौं। त्यसबेला निर्माण भएका ढुङ्गेधाराहरू भक्तपुरको दत्तात्रय पछाडि सूर्यमढीटोलमा अवस्थित टुलुटुलुहिटी(ढुङ्गेधारा), गोलमढी टोल रामशुभी अगाडिको ढुङ्गेधारा, हनुमान्घाटको दक्षिणतर्फको वाकूहिटी र खौमा टोलको इन्द्रायणी पीठको पछाडि अवस्थित धःवाहिटी आदि हुन्। तर पनि यी धाराहरू यसले स्थापना गरेका हुन् भन्ने ठोस प्रमाण उल्लिखित अभिलेखहरू प्राप्त भएका छैनन्। त्यसपछि मल्लकालमा ख्वोपूङ ग्रामलाई शहरको रूपमा विकास गरेपछि जनघनत्वको चाप बढेर आएपछि पानीको समस्या बढ्दै आयो। भक्तपुरमा ढुङ्गेधाराहरूको विकासमा राजा–प्रजा सबैको ध्यान आकर्षण गराए। मल्ल राज्यकालमा यक्ष मल्लले पानीको समस्या निराकरण गर्न धेरै ढुङ्गेधाराहरू निर्माण गर्न लगाए। भक्तपुर त्यसबेला नेपालको राजधानी थियो। उनले आफ्नो राजधानी भक्तपुरलाई ने.सं. ५७३ मा पर्खालले घेर्न लगाई ठाउँ–ठाउँमा ढोकाहरू निर्माण गर्न लगाई देश बाहिर र देशको भित्र राजधानीमा धेरै ढुङ्गेधाराहरू स्थापना गरे। उनले राखेका

केही अभिलेखहरू यस प्रकार छन्–

उनले बटुवाहरूको पानीको प्यास मिटाउन र धारासंगै बास बस्न हुने गरी बटुवाहरूको विश्रामका लागि पौवा, पाटी, धर्मशाला तथा धारासंगै देवदेवीका मूर्तिहरू प्रतिस्थापन गर्न लगाए।

केही अभिलेखहरू

ने.सं. ५६० का टौमढी टोल भैरवस्थाननेरका अभिलेख

श्री श्री जीव मल्ल इति पद भुवि मण्डित श्रीः
मातृ संसार देव्याश्न जेष्ट पुत्रस्य धीमतः
कनेष्ट्र धमणा नेन भूयाद दुरित भलाहर वांच्छिता
शिद्धि पूर्णा शुन्मे स्कण्डे मुखेन्द्रि संख्य कशते
नेपाल सम्वत्सरे जेष्ट पाण्डर पक्ष कन्तक तिथौ
नक्षेत्र योगे सुद्धिमते दिवाः विषुसुते भास्वद्वये
संस्थिते कल्पे चन्द्र मसीति तत्र कृत वान पूर्णनां प्रति
स्थिथा विधि ॥ अथ नेपाल भाषा। श्री श्री जय यक्ष
मल्ल प्रभू
ठाकुर स पाद स्थापना या दिन गूजही छासे पुल दयका
लु यिति
नो दयका...सम्वत ५६० जेष्ट शुदि १० वुद्धवार ॥

ने.सं. ५७१ मा लायकू चारधाम मन्दिरका सिढीमा भएको अभिलेख

१) ... विभो व ॥ अथ कार्तिक मासे कृष्ण पक्ष
अमावास्यां तिथौ
... नक्षेत्र पुण्य योग शनिश्चर वासरे... राशिगते
चन्द्र मसि... चा

२) (ल)क्ष्मी...तम्ने तस्य उदेश नार्थं श्री श्री जय यक्षमल्ल
देव प्रभू .. ति... त जल तां... दिवंगत –

३) पक्षे दिन कोन्हु विधि प्रतिष्ठा याङा ॥५॥
सम्वत ५७१ ..

... ...

अर्को केदार मन्दिरका सिढीमा नै भएको अभिलेख

१) ... ... गुरी ॥

२) ... (ल)क्ष्याः दिवंगते ॥शुभ॥

३) (ॐ अद्य श्चतय) राहु कल्ये वैवश्वत मन्वन्तरे कलि-
युगे भरत
खण्डे जम्बू दीपे हिम वन्त पादे श्री नेपाल मण्डले
श्री

४) .. भूमि मुख जल धारां भूपाते ल विद्या कृतिना-
विनि गत दक्षिणा मुख जल नालिकां... ... ...

५) लोके सं प्राप्ता भवतु तेन पुण्येन पुत्र पौत्र संतति
सन्तान मा पुरा रोग्य मैश्वथ ... ... महाराज स।

ने.सं. ५८८ तुलाछें विपुर सुन्दरीनेर धाराको अभिलेख

श्रीमत श्री राजाधिराज परमेश्वर परम भट्टारकेन श्रीमत
नेपालेश्वर
श्री च्यूडामणि श्री लक्ष्मी नारायण वतार श्री श्री यक्ष
मल्ल देवेनां दिवंगत
पुत्र जयराज मल्ल देव कुमाराय तस्मै उदेश नार्थं श्री श्री
श्री विष्णु
प्रशाद स्थापनादि घोजा व रोहनं पयन्त सम्पूर्ण कृतं
दिवंगत पुत्र
जयराज मल्ल देव कुमारस्य शरीर प्रमाण प्रतिमा
सुवर्ण्णन श्री
श्री श्री हृषां केश मूर्ति निर्म्मानं कृत्वा स्थापित सुवर्ण्ण
रवित
तोरण सद प्रतिस्था कृता। पुनश्च षड दर्शन जनावास
सचशा
लि अग्नि शाला मद कुप मन्दिर सुपशाल जल धेनु सह
प्रणाली जल प्रवाह यित्वा। सम्वत ५८८ कार्तिक कृष्ण
द्वितीयां ति
थौ मृगशिर नक्षत्र साध्ययोगे शुक्रबारे श्व कुन्हु ॥

ने.सं. ५९७ को गालहिटीको ढुङ्गेधाराको नारायण मूर्तिका पादपीठका अभिलेख

१) ... ॐ नमो (बाशुदेवाय)
... ... धरति करते वामनो वाशुदेवः श्री लक्ष्म्यां संयुक्त
श्व त्रिभुवन नमिता धर्म्म मोक्षा ... .

२) ... वंहुतु
विष्णु स्त्वं लोकयनाथः कलिकलु वहरां भूक्ति मुक्ति प्रदाता,
पापाद्धः सर्ब्बदा वं प्रवल सर सिजस्थापि नारायश्व ॥

३) स्वस्ति ॥
श्री नेपाल महीश्वरी नृप गुरुः श्री यक्ष मल्लः प्रभू
श्वके, सत्र सु मंडपं सकल सं पाषाण मूर्ति हरे ।
स्वर्गा

४) यां प्रतिमां प्रधान गरि मन्सत् यक्षराजस्य वं
रम्यां युष्म सतो युतां विरचितां सत्रो परिस्थापितां
या वक्चन्द्र कला मला

५) ... ... पशुपते भलां वसत्यु ज्जले
या वच्छे वकणा मणोच धरणी सर्वालया वर्तते ।
यावन्मे गिरी सुखेन रमते सर्ब सुराणा ग–

६) ... ... ण
स्ता वद्र क्षतु शत्र मंडप वरं श्री वामन(..) केशव ॥
अने नापेच पुण्येन चारोग्य संतति श्रियः ।
श्री इक्षमल्ल देवानां वृ–

७) ... ... जयसंतु सर्व्वदा,
दिवंगत प्रधानस्य यक्षराजस्य धी मत ।
वैकुण्ठः भूवता वासो भूयादद्व द्वसती सह ॥:०:॥

८) नेपाल हायन गते मुनि रं ध्र वाणे,
माघे शिते मकर केतु तिथौ प्रयाते ।
तस्मिश्च वावन हरि वर सत्र शाला
धर्मार्थं काम फलदां हि कृत प्रतिष्ठा ॥

राज कुलो

मल्लकालमा नेपाल उपत्यकामा ढुङ्गेधारा, पौवापाटी, सत्तल, धर्मशाला आदि जस्तो धर्मकार्यका कीर्तिहरू भक्तपुरमा नै ज्यादा उच्च थियो । यो कुरा विदेशी पर्यटक इतिहासकारहरूले उल्लेख गराई भक्तपुरका रहनसहन संस्कृति विषय तथा धार्मिक कार्य र कला कृतिमा कोरिराखेका इतिहासबाट अवगत हुन्छ । मल्लकालमा भक्तपुरमा जितामित्र मल्लको राज्यकालमा जनघनत्व अथवा जनसंख्याको वृद्धिले प्रतिस्थापित ढुङ्गेधाराले मात्र शहरको पानीको आवश्यकता पूरा भएन । उनले आफ्ना जनतालाई कसरी पानी पुऱ्याउने भनी सोच्न थाले । अन्त्यमा राजा जितामित्र मल्लले भक्तपुरवासीहरू तथा बटुवाहरूको पानीको आवश्यकता पूर्ति गराउन ने.सं. ७९८ मा भक्तपुर शहरदेखि करीब दुइकोश जति टाढा उत्तर पूर्व महादेव नामको पर्वतबाट निस्किरहेको स–साना पानीका धाराहरूलाई एकत्रित पारेर महादेव खोला नामले प्रख्यात गराए । सो महादेव खोलाको निर्माणले त्यस पर्वतका बासिन्दाहरूले आफ्नो जीवन निर्वाह गर्ने सो खोलाको किनार किनारमा गहुँ, मकै, चामलको पीठो पेल्ने घट्टहरू स्थापना गरेर आफ्नो जीविका चलाउन लागेकोले सो खोलालाई घट्ट खोला नामले पनि पुकारिन थाल्यो । यो महादेव खोलाको पानी एकत्रित गराई बाँध बाँधेर खरिपाटी हुँदै बाँसवारीमा पुगेपछि त्यहाँ पोखरी निर्माण गर्ने लगाई सो पोखरीबाट पानीको प्रशोधन र सफा हुने गरी रिजर्भवायेर निर्माण गर्ने लगाइयो । त्यहाँबाट सो पानी खेतै खेतको बाटो गरी कुलो बनाई आफ्नो राजदरबार थंथु दरबारको हातासम्म ल्याए । त्यहाँ नै अत्यन्त राम्रो कलाकृति सुनको मोलम्बा भएको बोकाको टाउकोको मुखबाट पानी बहने टुटी भएको धारा निर्माण गराए । सो सुनधाराको पानीले नै तलेजू भवानीलाई दिनदिनै नित्य स्नान गराउने व्यवस्था गर्ने लगाए । खेतै खेतको बाटो गरी आउने उक्त कुलोलाई नै राजकुलो भनियो । सो कुलोबाट आउने पानीको धारालाई अर्को एक भाग बनाएर टोल–टोलका ढुङ्गेधाराहरूमा पुऱ्याई भक्तपुरको पानीको समस्या निराकरण गराइदिएका थिए । राजा सुमति जितामित्र

मल्लले सो राजकुलोघाट आउने पानी खेतमा धान रोप्ने समयमा पालैपालो गरी वितरण गराएर खेतको बालीको उब्जनीमा बढ्ता उत्पादन गर्ने व्यवस्था पनि गराइदिएका थिए। यिनले ने.सं. ८०३ मा सो राज कुलोको मर्मत गर्नको लागि बढ्ता उब्जनी हुने १० रोपनी जग्गादानको रूपमा प्रदान गराई अभिलेख कोर्न लगाएका थिए। अभिलेख यसप्रकार छ–

अभिलेख

ॐ श्री श्री श्री पशुपति पादयक रूह निमग्न मधुकर श्री मन्मानेश्वरीष्ट देवता वर लब्धित-रघु वंशावतारित तीक्ष्मप्रताप प्रजापित शत्रु कुल शरण दिगन्तर यज्ञस्तो मसो भव कीर्ति कीर्तिता कीर्तित मौलि रण सुक्ष्म स्नेह मात्रीभूत भागिराम प्रवर मंन्त्रि वर भेद दण्ड साम दान विदग्ध चुडामणि नय विनय नीति विद्या विशारद राज राजेन्द्र मुकुट चुडामणि गण पूजित चरण सरो रूह सकल गुणालय विवध वुधे गण पूजा निरत सप्राङ्ग राज्य समृद्धिकरण ब्राह्मण सात्कृतामत गजेन्द्र षट गुणालं कृत शक्ति त्रय समचित श्री श्री श्री भवानी कृपाल... ... ल्याच्चतर मधुरवाणी श्री श्री भूपतीन्द्र देवात्मजा नन्दित सूचरित्र स्थान प्रपुरितदेव भ्रातृ भक्ति परायण गांधर्व्व विद्या निपुण श्री श्री जयोग्र मल्ल देव शुभानुज श्री भक्तापुरी नगराभि वान स्वर्गाधिक मनोहर सर्वणमये प्रशाद निवासिनी श्री श्री श्री स्वकुलेष्ट देवता चरणारे विन्द लोमम सित भ्रमर सुदृष्टि करूणामया मृत पूर्ण्ण भिषे चिततरू श्रीमत श्री श्री सुमति जय जितामित्र मल्ल देव प्रभू थाकुर सन श्री स्वष्ट देवता प्रीति काम नानथ्व थंथु राज कुल प्रधानाङ्ग भागिराम या वेल स दयका जावरलि... श्री नेपाल सम्वत ७९८, श्री शक १६०१, कलिगत ४७७९ विक्रमादित्य १७३५, आषाढ मास शुक्ल पक्ष दशम्यां तिथौ स्वाति नक्षत्रे सिद्धि योगे तै तिलकरण वुध वासरे मिथुन राशि गते सवितरी तुला राशि गते चन्द्र मास ॥ थ्व कुन्हु थंथु राजकुल याङा दिन जुरो ॥

त्यसपछि सो राज कुलोलाई राजा भूपतीन्द्र मल्लले पनि मर्मत सम्भार गर्न लगाई पानी बढ्ता आउने व्यवस्था गर्न लगाई भक्तपुरमा पानीको अभाव पूर्ति गराउन आफ्नो राजदरबार तथा टोलटोलमा धेरै ढुङ्गेधाराहरू स्थापना गर्न लगाई पानीको समस्या पूर्ति गराए। उक्त ढुङ्गेधारामा भएका अभिलेखहरू अद्यावधि छन्। केही अभिलेख यस प्रकार छन्–

भक्तपुर ५५ इयाल अगाडिको ढुंगेधारा अभिलेख

ॐ सम्वत ८११ वैशाख कृष्णा द्वादशी रेवती नक्षत्र शौभाग्य योगे वृहस्पति।

वार थ्व कुन्हु श्री श्री जय भूपतीन्द्र मल्ल देवसनथ्व 'इति' मङ्गल ह्लययासेनका व कोत्खा लोहोया या तथा दिन जुरो ॥

मालति चोकको ढुंगेधाराको अभिलेख

ॐ सम्वत ८१८ फाल्गुण शुदि ९ श्री श्री जय भूपतीन्द्र मल्ल देव सन दयका जुरो ॥शुभ॥

भक्तपुरमा प्रतिस्थापित ढुङ्गेधाराहरूको विकासले गर्दा यहाँको जनजीवनमा पानीको समस्या अरू शहर र अरू देश जस्तो नभई सुलभ थियो। तसर्थ राज खानदानहरू यो राज कुलोलाई बराबर स्याहार सम्भार एवं मर्मत गराई जनजीवनमा पानीको समस्या निराकरण गराइराखेका थिए। सो क्रम विक्रम सम्वत १९९० सालसम्म भक्तपुरका ढुङ्गेधाराहरूमा पानी अटुट भई जनजीवनमा सुविधा र बटुवाहरूले पानीका प्यास मिटाई धारासंगै अवस्थित पौवापाटीमा विश्राम गर्ने र बास बस्ने गर्दथे। तत्कालीन अवस्थासम्म यस्ता हजारौं हजार ढुङ्गेधारा, पौवा, पाटी, धर्मशाला आदि धर्म कीर्तिको लागि परन्तुसम्म कायम गर्न जग्गा जमीनहरू अर्पण गरेर दानको रूपमा राखिछाडेका थिए। तर आज यस्ता धर्म कीर्तिका अभिलेखहरू मात्र छन्। सबैजसो धारा सत्तलहरू नष्ट भएर गएका छन्। कसैले घर निर्माण गरेर, कसैले निजी सम्पत्ति बनाएर बिक्री गर्दै धन जम्मा गर्नेले गर्दा धेरैजसो ढुङ्गेधारा, सत्तल, पौवापाटी नष्ट भइसकेका छन्। केही बाँकी भएका ढुङ्गेधाराहरूमा झारपात उम्रेर फोहर मैलाले व्याप्त छन्। वि.सं. २००७ सालको

राजनीतिक परिवर्तनले गुठी गानाको धर्म कीर्तिको जग्गा जमीनहरू जसको जोत उसको पोतको नोराले गर्दा ढुङ्गे-धारा सत्तल मर्मत र संभारका लागि राखी छोडेका जग्गा कमाउने कृषक मोहीहरूले पूरा कूत बुझाउने मन्जूर गरेनन्। यसमा सरकारको ध्यान अर्कातर्फ लगाए। जसले गर्दा भक्के बिग्रेको धारा सत्तल पुरिए। भक्तपुरमा पानीको समस्या दिनपर दिन बढेर गयो। परम्परादेखि भएको संस्कृति जोगाउन र परम्परागत सुविधा कायम गर्नु सबैको कर्त्तव्य हो। वि.सं. २००७ सालभन्दा अगाडि अथवा वि.सं. १९९० सम्म कायम भई सुचारू रूपले चलिराखेका पूर्वाभिमुख, पश्चिमाभिमुख, दक्षिणाभिमुख र उत्तराभिमुख ढुङ्गेधाराहरू निम्न प्रकार छन्।

पूर्वाभिमुख ढुंगेधाराहरू

१. सूर्यविनायक गणेश मन्दिरसंग दायाँतर्फका ढुङ्गेधारा।

२. तीनधारा (सो धारा हिटी) मिसन अस्पताल बसेको स्थान नेर।

३. सूर्यविनायक जाने भिरालोमा भीमसेन मन्दिर नेर।

४. कुझाले टोल ढुङ्गेधारा तालाको टोल (हाल पुरिसकेको)।

५. नासमंना टोल बजार रायठोर ढुङ्गेधारा।

६. भगवती मन्दिर अगाडिको ढुङ्गेधारा भव-ध्वाका (पुरिइसकेको)।

७. भगवती ढुङ्गेधारा पोडेटोल कुमारी जाने बाटो नेर।

८. पुवाहाल ढुङ्गेधारा टौमढी टोल (धौवण्डेल चोक)।

९. तहागंसल ढुङ्गेधारा दुरूपोद्यो अगाडि (हाल भुईसाहुको चोक) टिबुकछें।

१०. बुलबुलु हिटी ढुङ्गेधारा टिबुकछें बजार।

११. जगनाथ मन्दिर अगाडिको ढुङ्गेधारा (हाल पुरिइसकेको) त्रिपुरासुन्दरी नेर।

१२. त्रिपुरासुन्दरी ढुङ्गेधारा श्री त्रिपुरसुन्दरी पीठसंगै तुलाछें टोल।

१३. विद्यापीठ ढुङ्गेधारा विद्यापीठ चोक सुकुलढोका।

१४. भीमसेन ढुङ्गेधारा भीमसेन मन्दिर पछाडि तचपाल टोल।

१५. अष्टाङ्ग भैरव ढुङ्गेधारा सूर्यमढी नारायण-चोक दक्षिणतर्फ (पुरिइसकेको)।

१६. मूल ढोका ढुङ्गेधारा मूलढोका बजार।

१७. भार्वचो ढुङ्गेधारा (भाजुकस धारा?) भार्वचोढोकाको दक्षिणतर्फ।

१८. मूलढोका ढुङ्गेधारा मूलढोका बजार।

दक्षिणाभिमुख ढुंगेधाराहरू

१. नरेन्द्रदेव ढुङ्गेधारा च्याह्र सिंह गणेश मन्दिर अगाडि।

२. जोशी ढुङ्गेधारा च्याह्र सिंह पोखरी अगाडि तौलाछें।

३. संला गणेश ढुङ्गेधारा पोखरी छेउ दत्तात्रय।

४. सूर्यमढी ढुङ्गेधारा सूर्यमढी दबली अगाडि तौलाछें टोल।

५. नारायणचोक ढुङ्गेधारा नारायण चोक तौलाछें सूर्यमढी।

६. थालाछें ढुङ्गेधारा थालाछें टोल।

७. झोरटिला ढुङ्गेधारा स्वंग: लोहँ हनुमान् घाट जाने ओरालो इनाचो टोल।

८. गोलमढी ढुङ्गेधारा गोलमढी बजार।

९. गोलमढी ढुङ्गेधारा राममन्दिर अगाडि बजार (लिच्छवि)।

१०. कमल विनायक ढुङ्गेधारा कमलपोखरी अगाडि (पुरिइसकेको)।

११. लामी गा: ढुङ्गेधारा कमलविनायक मोटर पार्क कोणा चक्रपठ ।

१२. नवदुर्गा ढुङ्गेधारा नवदुर्गा द्योछें घर अगाडि ।

१३. मूलढोका ढुङ्गेधारा बजार थालाछें जाने बाटो नेर ।

१४. हनुमान् जान बाटोको ढुङ्गेधारा मस्जिद जाने बाटो नेर ।

१५. याछें ढुङ्गेधारा याछें गणेश मन्दिर पछाडि याछें टोल ।

१६. चासु हिटी ढुङ्गेधारा चासु द्यो मन्दिर अगाडि चासुखेल ।

१७. नासंमना ढुङ्गेधारा पोखरी नेर नासंमना टोल ।

१८. दरबार ढुङ्गेधारा गुठी खर्च कार्यालय नेर ।

१९. ढुङ्गेधारा देवघर राजोपाध्याको चोक लायकू पशुपति यक्षश्वर अगाडि ।

२०. महालक्ष्मी ढुङ्गेधारा भोलाछें द्योछें घर अगाडि ।

२१. भेलुखेल ढुङ्गेधारा (गोसाई धारा) ने.सं. ८८२ को ।

२२. सल्लाघारी ढुङ्गेधारा (हाल न.पा. को कर कार्यालय बसेको पाटीसंगै) ।

२३. चारधाम ढुङ्गेधारा (हाल बाल मन्दिर) (पुरिएको अवस्थामा) ।

पश्चिमाभिमुख ढुंगेधाराहरू

१. गरुड दह ढुङ्गेधारा (चक्रपठ) लामी गा: ।

२. मूलढोका ढुङ्गेधारा बाँसबारी जाने बाटोसंगै ।

३. भद्रा ढुङ्गेधारा मूलढोका बजार ।

४. ढुङ्गेधारा कसाइ टोल मूलढोका महालक्ष्मी बाल मसान घाट ।

५. स्वंगलोहँ ढुङ्गेधारा गच्छे टोल स्वंग लोहँ देवताकहाँ जाने भिरालो ।

६. टुलु टुलु हिटी ढुङ्गेधारा सूर्यमढी (लिच्छवि) ।

७. छुम्छ द्यो ढुङ्गेधारा द्योछेंघर अगाडि चोछें ।

८. ढुङ्गेधारा चोछें बहाल अगाडि आसलाल साहुको घर अगाडि (पुरिएको अवस्थामा) ।

९. यालाछें ढुङ्गेधारा बालाखु गणेश द्योछेंघर अगाडि ।

१०. व्यासी ढुङ्गेधारा व्यासिटोल ।

११. व्यासी ढुङ्गेधारा कासन खोला र मुपूज्वल जाने बाटो ।

१२. मुपूजोल ढुङ्गेधारा इन्द्रायणी पीठ जाने बाटो ।

१३. मुपूजोल ढुङ्गेधारा हाल औद्योगिक क्षेत्र ।

१४. इन्द्रायणी ढुङ्गेधारा इन्द्रायणी पीठ ।

१५. धवाहिटी ढुङ्गेधारा इन्द्रायणी पीठ पछाडि (लिच्छवि) ।

१६. खौमा ढुङ्गेधारा खौमा टोल ।

१७. थंथु सुनधारा थंथु दरबार ।

१८. मालती चोक ढुङ्गेधारा मालती चोक सिंहध्वाका दरबार ।

१९. वहाल ढुङ्गेधारा खौमा टोल विज्ञान वकोचोक ।

२०. गोलमढी ढुङ्गेधारा रामझुप्री गोलमढी ।

२१. राज भण्डारी ढुङ्गेधारा वोलाछें टोल (वुल्चा) ।

२२. टौमढी सुनधारा भैरव स्थान ।

२३. गालहिटी ढुङ्गेधारा (पुरिएको अवस्थामा) ।

२४. कृष्णमान ढुङ्गेधारा सूर्य विनायक जाने भिरालो ।

२५. प्रजापति ढुङ्गेधारा जाने भिरालो सत्तलसंगै (पुरिएको अवस्थामा) ।

२६. राममन्दिर पूल, ढुङ्गेधारा पूल नाघेपछि (पुरिएको अवस्थामा) ।

२७. बाराही ढुङ्गेधारा वाराही पीठ ।

२८. लालाछेँ ढुङ्गेधारा लालाछेँ टोल ।

२९. पाती गा: ढुङ्गेधारा इनाचो टोल ।

३०. माहेश्वरी ढुङ्गेधारा माहेश्वरी ओरालो ।

३१. वासिख ढुङ्गेधारा हनुमान्घाट पूल पछि पूर्व जाने बाटो ।

३२. ५५ ज्याल अगाडिको ढुङ्गेधारा दरबार स्क्वायर ।

३३. सुसुधो ढुङ्गेधारा पाटी गा: इनाचो हनुमान्घाट जाने बाटो ।

३४. रञ्जितकार ढुङ्गेधारा सूर्य विनायक ३ धारा पूर्वतर्फ ।

उत्तराभिमुख ढुंगेधाराहरू

भक्तपुरमा उत्तराभिमुख ढुङ्गेधाराहरू पूर्वाभिमुख, दक्षिणाभिमुख र पश्चिमाभिमुख जस्तै अथवा अरू छिमेकी शहरमा जस्तै धेरै प्राप्त छैनन् । दुई–चार वटा ढुङ्गेधाराहरू अवस्थित भए तापनि जीर्णोद्धार भएको बेलामा भूल अथवा नजानेर प्रतिस्थापित गराउन लगाएको हो भनी भक्तपुरका बूढापाकाहरू भन्ने गर्दछन् । किन यसो भएको ? भनी सोधनी गर्दा उहाँहरू भन्नुहुन्छ– उत्तराभिमुख ढुङ्गेधारामा पानीको प्यास मिटाउन दक्षिणतर्फ पर्ने गरी गराई खाना खाएको र पानीको प्यास मिटाएको गुणस्तर हुँदैन कारण धार्मिक ग्रन्थमा दक्षिणतर्फ मुख गरेर खाएका वा सेवन गरिएका बस्तुहरू पितृका आत्माले सोधेर लिने भएको र पितृ कार्य दक्षिणतर्फ गर्नुपर्ने उल्लेख छ । तसर्थ उत्तराभिमुख ढुङ्गेधारामा पानी पिउने बेला मुख दक्षिणतर्फ पर्ने भएकोले यसरी उत्तराभिमुख धेरै ढुङ्गेधाराहरू नभएको हो भन्ने अनौठो तर्क प्रस्तुत भएको छ । तर यो रूढिवादी विचार भन्नेलाई पाटन, काठमाडौं र गाउँ घरमा लिच्छविकालमा स्थापना भएका ढुङ्गेधाराहरू धेरैजसो उत्तराभिमुख ढुङ्गेधाराहरू मात्र बढ्ता पाइन्छन् ।

पूर्वाभिमुख नौ स्थानको ढुंगेधारामा हुने मेला

भक्तपुरमा प्रत्येक वर्षको जनै पूर्णिमाको दिनमा बिहान सबेरै पूर्वाभिमुख ढुङ्गेधाराहरूमा नौ स्थानको धाराहरूमा नुहाउन जाने मेला भर्न जाने परम्परा छ । त्यो दिनमा पूर्वतर्फ मुख भएका ढुङ्गेधाराहरू नौ स्थानमा नुहाउन पाए आपनो शरीरमा प्राकृतिक प्रकोपले अथवा आउँ, झाडाबान्ता, टाइफाइड आदि रोगबाट सताउन नपाउने साथै खाएका वस्तुहरू गुणस्तरयुक्त भएर पच्ने हुन्छ र खाएको वस्तुले आपनो शरीर हृष्टपुष्ट गर्ने गर्दछ भनेर त्यो दिनमा पूर्वाभिमुख ढुङ्गेधाराहरूमा नुहाउन जाने गर्दछन् । अर्को कुरा भोलिपल्ट गाईजात्राको दिनमा यमद्वारको ढोका खुल्ने भएकोले र आपना पितृहरूको आत्मा यमद्वारको ढोकाभित्र प्रवेश गर्न पाओस् भनी कामना लिई नौ स्थानका ढुङ्गेधाराहरूमा स्नान ध्यान गरेर त्यहाँ अवस्थित नौ स्थानका देवदेवताका दर्शनको प्रभावले आपना मृतक पितृहरूका आत्मा सजिलैसंग यमद्वार प्रवेश गर्न पाउन् भन्ने विचारले पूर्वाभिमुख नौ स्थानका ढुङ्गेधाराहरूमा मेला लाग्ने गर्दछ । यो मेला भर्न जाने बेलामा सर्वप्रथम सूर्य विनायक गणेशको दायाँ अवस्थित ढुङ्गेधारामा स्नान गरेर सूर्य विनायक दर्शन गरी अन्त्यमा तचपाल टोलका भीमसेन पछाडिका ढुङ्गेधारामा स्नान गरेर विसर्जन गराउने गर्दछन् । त्यसपछि घरमा फर्केर सप्त धान्यादिबाट तयार पारिराखेका गेडागुडीका रस क्वाति र गहुँका रोटी खाने गर्दछन् । यी नौ स्थानका ढुङ्गेधाराहरूमा त्यो दिनमा बिहान सबेरैदेखि नै बाजागाजा तथा वाद्यवादन सहित मेला लागेको हुन्छ । भक्तपुरमा पूर्वाभिमुख धेरै ढुङ्गेधाराहरू भए तापनि मुख्य निम्न नौ स्थानका ढुङ्गेधाराहरूमा मेला भर्ने आजभोलि चलन छ ।

१) सूर्य विनायक ढुङ्गेधारा

२) तीनधारा (स्वधरा हिटी) सूर्य विनायक गंगल छेउ (मिसन अस्पताल नेर)

३) सूर्य विनायकबाट ओरालो लाग्ने भीमसेन मन्दिर नेर ।

४) कुह्माले टोलका तालाको ढुङ्गेधारा (हाल पुरानो अवस्थामा रहेको) अथवा सुकुलढोका विद्यापीठका ढुङ्गेधारा ।

५) नासंमना बजारको रायठोर ढुङ्गेधारा ।

६) टौमढी टोलका पुवहालस्थित धौवण्डेल ढुङ्गेधारा ।

७) टिवुकछे टोल ताहा गंसलस्थित भुइसाहुको चोकका ढुङ्गेधारा अथवा टिपुकछें बजारका वुलुवुलु हिटी ।

८) टुलाछें टोल त्रिपुरसुन्दरी पीठ नेरका ढुङ्गेधारा ।

९) तचपाल टोलस्थित भीमसेन मन्दिर पछाडिका ढुङ्गेधारा ।

विर्तवाल थारू

-तेजनारायण पंजियार

नेपालको रोटी मानिएको अधिराज्यको जम्मा १७ प्रतिशत भू–भाग भएको तराई प्रदेशमा अनादि-कालदेखि बसोबास गर्ने जाति थारू हो । थारू व्यक्तिलाई नेपालका अन्य जातिका व्यक्तिले नदेखे पनि थारू शब्द-बाट सबै नेपाली परिचित हुनु नै थारूहरूलाई सबभन्दा जेठो तुल्याउँछ । थारूहरू नेपाल तराईको घना जङ्गल भएको ठाउँमा मलेरिया, काला ज्वर, बाघ, हात्ती, गैंडासंग समजोर गरी बसोबास गरिरहेको विषय सबैले जाने बुझेकै हो । नेपालको इतिहास अनुसार नेपालको सिमाना समय समयमा थपघट भएको भए पनि थारू जातिको बसोबासमा कुनै फरक परेको देखिन्न । वर्तमान नेपालको एकीकरण हुनुभन्दा अघि तराई प्रदेश पाल्पाली र मकवानपुरे राजाहरूको रजाईमा परेको बेलामा थारू-हरूको स्थिति राम्रो थियो । सरकारको दरबारमा काम गर्ने थारूहरूलाई निजको प्रशंसनीय काम गरे बापत बक्स भएको लालमोहरहरूको नक्कल यहाँ दिइएको छ । यो लालमोहर थारू भाषामै छ । यो लालमोहर भारदार सामन्त श्री रनपाल चौधरीलाई सम्वत् १७९३ सालमा मकवानी राजा महिमति सेनबाट बक्स भएको थियो । बक्स लालमोहर बक्स पत्रमा श्री रनपाल चौधरीलाई सप्तरी जिल्लाको खालिसा प्रगन्नामध्ये पटना मोजा ससिम (सम्पूर्ण) बेतलब गरिएको छ । लालमोहरको बोली अनुसार यो पहिलो होइन यसभन्दा अघि बक्स भएको लालमोहर अनुसार साविक (फलक १) बमोजिम भनी उल्लेख भएको छ ।

दोस्रो लालमोहर निज रनपाल चौधरीकै नाति श्री हेम चौधरीलाई नेपाल एकीकरणमा आफ्नो मालिक हारेपछि श्री हेम चौधरी भागेर मोंगलानतिर लाग्यो तर पछि पुनः नेपाल आई श्री ५ महाराजाधिराज सरकारमा बिन्ती चढाएपछि यो लालमोहर सम्वत् १८३३ सालमा बक्स भएको थियो । यस लालमोहरको बोली अनुसार थारूहरू नमकहराम हुँदैन बरू नमकहलाली गर्ने सक्ने क्षमता राखेको विषय लालमोहरकै बोलीबाट स्पष्ट हुन्छ । यसैले त (फलक २) निजको पुस्तैनी जागीर कायम गरिबक्सेको छ ।

अर्को लालमोहर बारा जिल्ला चेरमन्त निवासी श्री जितु राउतलाई बडामहाराजाधिराज श्री ५ पृथ्वी-नारायण शाहबाट बक्स भएको छ । लालमोहर थारू भाषामा लेखिएको छ । श्री जितु राउत मकवानी राजाको दरबारिया भै काम गर्दा बक्स पाएको मौजालाई बडा-महाराजाबाट मुलुक अमल हुँदा निजलाई सो बक्स पुनः

बक्स भएको विषय उल्लेख गरिएको छ। यो लालमोहर सम्वत् १८१९ साल फागुन महीनामा वारा जिल्लाको हरिहरपुरमा बक्स भएको थियो (फलक ३)।

नेपालको तराई भाग जङ्गलले ढाकिएको थियो। थारूहरू त्यसै जङ्गलमा बसोबास गरिरहेको छ। थारूहरू जङ्गल नभई नहुने जात हो। यसलाई जङ्गल काट्न मजा मान्छ। जङ्गल नकाटी यसको दिन चल्दैन। यसको गाई, गोरू जम्मै भाउवस्तु जङ्गलमै चरण गरेको हुन्छ तर पनि थारूहरू जङ्गल उजाडन जान्दैन। जङ्गल उजडेको बेलादेखि थारूहरू मासिन लागेको छ। जङ्गल हुँदा औलो ज्वरको प्रकोपले त्यहाँ कोही पनि बस्न सक्दैन थियो तर थारूहरू मलेरियालाई पचाइसकेको थियो। त्यसैले त ई. सन् १८२२ देखि १८४५ सम्म नेपालको लागि बेलायती कूटनीतिज्ञ श्री ब्राइन एच्. हौगसनले नेपालको जाति, भाषा र नामको पुस्तक लेख्दा "थारूहरू मलेरियालाई पचाइसकेको छ। यिनीहरूलाई उपर्युक्त औलो पचाउन कमसेकम तीन हजार वर्ष लागेको होला।" भनी लेख्नु भएको छ। यसै क्रममा नेपालको राजधानी काठमाडौंदेखि सबभन्दा नजिक पर्ने राजा चित्रसेनको नामबाट कहलिएका चितवन जिल्लाको लालमोहर प्रस्तुत गरिएको छ। चितवन जिल्लामा थारूहरूलाई हटाई कुनै पर्वतेलाई जिम्मेदारी बक्स गरी पठाएको थियो तर खप्न सकेन। यस्ता धेरै पर्वतेहरू फेरफार भयो तर कोही पनि टिक्न सकेन। तत्पश्चात् चितवन जिल्ला प्रगन्ना विलौध मोजा घनौजी काला बन्जर बस्ने श्री टेटु गुरौलाई सम्वत् १८६४ सालमा यो लालमोहर बक्स भएको हो। यस लालमोहर बमोजिम "हात्ती, वगही, भूतही, रोग व्याधि सबै तरहका प्रगन्नाको उपद्रव बचाई पैदावार भयाको ली ननकार जागिर भोग गर यति उपद्रव बचाई प्रगन्ना आवाद गर्न नसक्या ननकार जागिर पचन्या छैन" भनी उल्लेख भएको तर थारूहरू त शाक्य मुनि बुद्धको जाति भएकोले उहाँकै पालादेखि वन्य जन्तुसंग आपसी समझदारीमा सहअस्तित्वको भावना अनुसार बाघ, हात्तीसंग मिलेर बसिरहेकोले उपर्युक्त जागिर पचाएकै हो (फलक ४)।

थारूहरू यसो हेर्दा लाटो सोझो देखिन्छ। कसै कसैले त डरले सधैं थर थर कामी रहने भएकोले नै यस जातिको नाम थारू हुन गएको विषय छापेका छन् तर शान्त स्वभावको भए पनि थारूहरू बहादुर भई लडाईंमा पनि पछि बसेको छैन। आफ्नो परिचयलाई लडाईं भिराईमा पनि कायम गरेकै छ। यसै डरले त राणा शासन कालमा थारूहरूलाई सेनामा भर्ती गर्दैनथे। देश, नरेशको सेवामा सिपाहीको उच्चतम ओहदामा बसी काम गरेको बेलाको अर्को लालमोहर प्रस्तुत गरिएको छ। यो लालमोहर पर्सा जिल्ला प्रगन्ना नोरयिा मोजे काला वन्जर ढोलीका मोतीराम सिवनाथ राय गरवार थारूलाई निजहरूको ज्यू ज्यू बाजे भूपाल रायको बहादुरीको कारनामा वापत बक्स भएको छ। भूपाल राय मोगल-संगको लडाईंमा परेको विषय लालमोहरमै उल्लेख भएको छ। यो लालमोहर मकवानी राजाबाट बक्स भएको थियो पछि मकवानपुर रजौटा शाहवंशका राजा बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहबाट अमल हुँदा पनि निज रायका सन्तानहरू उपर्युक्त बक्स भएको वित्तं धन उपयोग गरिरहेकै थियो। सम्वत् १८९३ सालमा सरकारबाट जाँचकी पठाउँदा जाँचकीले माग गरेको वित्तसम्बन्धी कागजहरू निज रायले देखाउन सकेन त्यसैले जाँचकी श्री दल भन्जन पाण्डेले सबै सर्वस्व जफत गरी सरकारमा प्रतिवेदन पेश गऱ्यो। त्यस बखत निज मोती राय, शिवनाथ रायले घरमा आगो लागी भई सबै स्वाहा भएकोले उपर्युक्त मकवानी राजा एवं वर्तमान सरकारबाट थमौती भएको कागज देखाउन नसकेकोले मेरो सर्वस्व पाउँ भनी निवेदन गर्दा "अघि मकवानी राजाको पालादेखि ९३ सालसम्मको मरवट थामी बहाल गरि बक्स्यो। राज अङ्क कल्याण धन बाहेक भोग गर आफ्ना खातिर जम्मा सित गर नमकको सोझो चिताई भोग्य गर इति सम्वत् १८९४ साल मिति पौष २ रोज शुभम्" यो लालमोहर श्री ५ महाराजाधिराज राजेन्द्र



सौजन्य: श्री बिजली प्रसाद चौधरी
वरमझिया, सप्तरी



सौजन्य: श्री माया राम गुरौ
चितवन



विक्रम शाहबाट बक्स भएको छ। यस लालमोहरमा मोती राय, शिवनाथ रायका ज्यू ज्यू भूपाल राय मोगल-संगको लडाईं पर्दा काम आएको भनी उल्लेख भएको देखिन्छ। एकथरि ऐतिहासिक तथ्य अनुसार मकवानी राजाहरूलाई कहिले पनि मोगलसंग लडाईं गर्नु परेन। मकवानी राजाहरूको पुस्तौनी राज पाल्पामा भएको र सोही राज्यलाई मोगलसंग सामना गर्नु पर्ने विषयमा मिलान गरिएको छ। यसरी भूपाल राय धेरै अघिको सामन्त वा सामन्त सन्तान वा पाल्पा राज्य संस्थापकका पूर्खा जिल राय अजिल रायकै सन्तान पनि हुन सक्ने बुझिन्छ (फलक ५)।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(संख्या १२८–१२९ को बाँकी)

वैसाष शुदी १३ रोज १ मा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री मेजर कपतान हरिमान सिह वस्न्यात. कपतान वलवहादुर पाडे, अम्वरवहादुरले लेषी चह्राई पठायाको सुना गुम्वा पट्टीका रैती हुँ भनी विगुषार्तालुका पालमा २२ घर भोट्याले पाल टांगी बस्न आयाको रह्याछन्. षवरमा ञ्यू चिवा डाकु हुन् की भनी हेर्न सुवेदार १ सिपाही ११ लामा १ पठायौ र बुझि पत्री ल्याया पीछा पऱ्यौ जाही वसछन् भन्यार जवान वंदीले श्री विगुका मिझारको जिम्मालाई पठाञ्यु वाही वसछन. वाटो वनाउनु र वरोवर लागी-रह्या छौ विकट जस्ता तरहको गरि तयार गर्न सकौला विति चह्राउदै गरौला येस तरफका दुस्मनको व्येहोरा अघी विति गरि पठायाका अजिले जाहेर भयो हो फेरि चिवा पठायाका छन. जो ल्यायाको षवर विति चह्राउदै रहंला आकु हुसियार पनी भरिसष्य गर्दैछौ परिआयाको काजकाम विन्ती चह्राउदै रहुंला मुकाम लामवगर शुभ्म्–

वैसाष शुदी १३ रोज १ मा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीलाई जवाप लेषी गयाको गुन्टा आड फेर्दा भोट्याहरू मऱ्याको र आलमाल लुटीयाको व्येहोरा वारको कागज बुझि लेषन्या काम गर्न्यै छौ. केरु वाट झुगा तरफ रसद वोकार्उन्या कुराको वन्दोवस्त वाधन्या काम वेस भयेछ मुषीयार कोटवाललाई टिगरी-वाट लामाको षजांची र टिगरिको ताल्वये भन्याको लस्करको मालीक धैवुङले केरु हेर्न आर्उछौ रसद पानी वास वस्न्या जगाको ताकीती गर भनी चिनीआले लेष्याको पत्र पठाई दिया छौ आइपुग्यो तिन्हेहरूलाई लेषन्या भन्या कुरा चिनीआ भारादार सिपाही श्री ५ वादसाहका हौ. तपाञीहरूलाइ हाम्रो सलाम छ तपाञीहरू येस्तरफ आर्उन्या काम नगर माथीतिर गै वस्न्या काम भया वढीया होला. तपाञीहरूसंग हामी लडन आयाका पनी होइनौ लडन्या सामर्थ पनी छैन. हामी त भोटसंग लडन आयाका हो भ्रैह्ले हाम्रा सिपाहीलाइ भोट्याले गोली लार्उदा लडाञीमा पर्दा मेरो आज्ञा पनि फौजले मान्या छैनन्. भोटका सिपाही र चिनीआ सिपाही चिह्नमा पनी सक्तैनन्. चिह्न नसक्नाले लडाञीमा पर्न जानन् तपाञी-हरू यस्तरफ नआउनु भया वढीया होला घा सलुक वंदो-

वस्त गर्नु पऱ्यो भन्या मसंग भला भला मानीस १०।१२ जना हातहतियार नली सेतो झंडा ली आया हुंछ जो गर्न्या कुरा म गरूंला म देषी पछिवाट लस्कर ढेरै छ येति भन्या थाहा छैन अंदाज नभयाका ढेरै लस्कर भयाका ठाउमा तपाईहरूले जानु वढीया छैन तेतिका लस्करमा हाम्रो हुकुम थामन पनी असंभार छ भनी जवाप दिनु येति जवाफ दिदामा पनी हातहतियार ली लडन आउन्या चिनिन्ना हउन. भोट्या हवन देस गरि कत्तल गरि लडनु सष्ये मुषले चिठीले चिनीन्ना भारादार सिपाहीहरूलाई ठुलो झैगरि मानी पर सार्नु उति गर्दा पनी नमानी लडन आया भन्या कत्तल गर्नु चिवा पठाउनु पऱ्यो भन्या आपनु चिवा नपक्रीन्या गरि पठाउनु अव चिवा जान्या पक्रीयो भन्या भोट्याले मारिदिन्या छन् तेस्कुराको वहुत तजवीज गरी चिवा पठाउनु भोट्यावाट चिवाचर्चा गर्न पठायाका मानिसलाई पक्रीया भन्या मारिदिनु. घा गछौं भनी कोही पगरि लायेक दर्जाका मानिस आया भन्या हातहतियार छोडी आउनु भनी हातहतियार छोडी सेतो झंडा ली आउन्यासित वातचित गर्नु वांकी रसदको ताकीति नभया लडाजीमा फौजले षान पाउदैनन् सवैभन्दा ठुलो रसदको ताकीति हो रसदको काम तिमीले गर्नु भनी येतावाट कम्याण्डर कर्णेल सनक सि षत्रीलाइ पठायाको हो केरूंमा आई चाडो रसदको ताकीति गरि पठाई देउं भनी कम्याण्डर कर्णेललाई तिमीले पनी लेषी पठाया छौ सवैभन्दा ठुलो रसदको काम हो भनी भैस्यादेषी रसुवासम्मको ताकीतीलाई मेजर कपन दलजित विष्टलाई येतावाट पठाउन्ना रसुवादेषी झुगासम्म तिमीले पठाउनु भनी कम्याण्डर कर्णेललाइ पनी लेषी पठायाको छ. तिम्रा तजवीजले उस्तै नभै नहुन्या भयो भन्या अरू काममा षटाउनु इनलाइ रसदको कामलाई रसुवादेषी रसद फौज पुग्याका ठाउमा पुऱ्याउन्या काम गराउंनु शुभम्–

वैसाष शुदी १३ रोज १ मा

तस्तै विचमा श्री प्राइममिनिष्टरबाट श्री जनरल वद्री नर्सिह कुवर राणाजीलाई जवाप लेषी गयाको कपतान अम्वर सि कुवर राणाजीलाई जंगी कामको माल रसदमा आउन्या जान्यालाई जगात लाग्दैन भन्या हटनाको तिम्रो दस्षत स्मेत सायतका पुर्जि वमोजिम प्रस्थान सारि वाटो षुल्यापछि जानु भन्या विस्तार लेषी पठाउन्या काम वढीया गऱ्या छौ. पुराना कुर्थि पठाउन्या कुरालाई र पुऱ्याउन्या मानिस मिल्या भन्या पठाउनु मानिस मिल्दैनन् भन्या नपठाया पनि हुंछ. श्री लेपटेन्ट कर्णेल जङ्गधोज कुवर राणाजीबाट षाली षानगी पठाइदियाका षलासी ज्मादार १ षलासी १९ ताहा तिमीले भर्ना गरि षजाना वोकाई सैनालका हुद्दा १ सिपाही ४ साथ गरि मुस्ताङ तरफ रवाना गऱ्यो काम वढीया गऱ्या छौ. तिमीले माहाजन काढी जंगी काममा पठायाका दस हजार रुपैयाको सुनस्मेत लेफटेन्ट कर्णेलले पठाइदिया छन्. वहुत वढीया भयेछ कुतिसर भयाका फत्यनामाको वढाइ गर्न्या काम वेस गऱ्या छौ शुभं–

वैसाष शुदी १३ रोज १ मा

तस्तै विचमा वैसाषका १९ दिन जादा श्री प्राइममिनिष्टर यान कम्यांडर इन चिफ जनरल जङ्गवहादुर कुवर राणाजी श्री मद्राजकुमार कुमारात्मज श्री जनरल भक्तवीर कुवर राणाजी दिन गत घटी ३ पला ११ जादा श्री ५ सर्कारमा विदा भै दिन गत घटी ११ पला ४७ मा केरुं तरफ रवाना हुनुभयो.

वैसाष शुदी १३ रोज १ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीलाई लेषी गयाको श्रीनाथ भैरवनाथ श्री पुराना गोरष श्री जङ्गनाथ इ ४ पल्टन्ले झुगा किल्लामा चारौ तरफ घेरा दी वरावर जङ्गी गोल. हान्दा किल्ला तोडन सक्याको छैन भन्या विस्तार लेषी पठाउन्या काम वढीया गऱ्या छौ. जंगी गोला षर्च भै थोर वांकी छ भनी जंगी गोला मेजर कपतानहरूले मागी पठाउंदा २५ भारी जङ्गी गोला पठाउन्या कां गऱ्या भनी लेष्याका कुरालाई वढीया गऱ्या छौ. रसदको ताकीती गर्नु भनी तिमीलाई लेषी गयाको हो. रसदको ताकितीलाइ

चाहीन्या मानिस राखी वन्दोवस्त मिलाई यो चिठी पुग्न्या वित्तिकै तिमीले झुगा हान्न जान्या काम गर झुगा सर भयापछी ताहा किल्ला काम जगुतीको वन्दोवस्त गरि कैह्ले केरू कैह्ले रसुवा आइ जस्ता पाठले हुंछ अघी लेषीगया वमोजिम सवै रसद झुगामा पुन्याउन्या काम गर्नु भन्या कम्यांण्डर कर्णेल सनक सि षत्रीलाई लेखीगयाको छ सोही वेहोरा तिमीले पनी अह्राई झुगा हान्न पठाउन्या काम गर. अघीका लडाजी मार झुगा हान्दा जंगी गोला षर्च भै थोर वांकी छ भनी मेजर कप्तानहरूले तिमीसंग विन्ति गरि पठायाका कुरालाई काममा षर्च हवस वेकाममा षर्च हुन नजावस. सो तजवीज मिलाई काम गर्नु हाम्रा तजवीजमा भन्या त्यो किल्ला जंगी गोलाले फोरि होइ सकैन वमले किल्लाभित्र फुटन्या गरि हान्या ताहावस्थाका दुस्मन पनी मर्नेन् भागनन् भन्या जस्तो लाग्छ सो तजवीजसंग तिमीले अह्राई पठाउन्या काम गर्न्या वढीया होला. शुभम्–

वैसाष शुदी १४ रोज २ मा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरबाट श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीलाई लेषीगयाको गुन्टा अडामा लडाजी हुदा लुटी ल्यायाको मालको तपसिल पठाइदिया छौ आइपुग्यो लुटी ल्यायाका मालमध्ये दोचावषु नहुन्या हुदा सिपाहीलाई दी बांकी रह्याको दोचावषु पीपा षलासीलाई वांडी दिनु पालहरू रसद र षजानाका संभारलाइ राषनु लेफटेन्ट जनरल भाइ वषतजङ्ग कुवर राणाजीले लै गयाको तोपगठ्ठा वम २ मध्ये १ तोप तिमीसंग १ गुन्टा किल्लामा राषी वाँकी २ तोप वम २ लो झुगाका मद्दतलाइ झुगा किल्ला देषी ३ कोस वढो घोर्मागाउमा वस्नु तोपको र वमको षजाना जो अफिसरहरूले मागी पठाउछ नदिनु भनी लेफटेन्ट जनरललाई उर्दि दिन्या काम वढीया भयेछ रसुवामा रह्याका नौपंनी १२ पंनी १८ पंनीका वम पाडसिटारसम्म पुग्या छन् वढीया भयेछ ताहा आइपुग्नी वित्तिकै लेफटेन्ट जनरल वस्याको घोर्मागाउमा पठाउन्या तजवीज वढीया ठहराया छौ झुगा किल्लालाई चारैतरफ १।१ मेजर कप्तान पल्टन राषी घेरा दी तोपका गोला हान्या काम वढीया गर्न्या छौ. अव हमला गरी किल्लाभित्र पसी भोटका लडन्या सर्दार ढेवा फौज पल्टनीका सिपाहीलाई साफ कत्तल गरि किल्ला लिन्या काम गर्नु घा गर्न भनी आउन्या मानिसहरू र सिंभुका लामा ताहा घेरा भित्र पर्न्याको छ की कसो भयो काहा छन. तिनको षबर लेषी पठाउन्या. काम गर षजाना भन्याको ज्यू हो ज्यू जान्या ठाउमा मात्रै षजाना जावस वीच नजावस येसको तजवीज गरि आकुले हान्याको चोट नविरिन्या नहानी नहुन्या पर्न्यो भन्या सो माफिक षजाना षर्च गर्नु विकाममा षर्च हुन नपाउन्या तजवीजसंग काम गर्नु झुगा किल्ला सर हुन्या वित्तिकै सिपाही पिपा रैथेतहरूलाई मर्मत गर्न लगाई सफा गरि षजाना रसद गैह्ल ती ठुला घरमा संभारसंग राषन्या काम गर्नु शुभम्–

वैसाष शुदी १४ रोज २ मा

श्री प्राइममिनिष्टरवाट श्री विर्गेडियेर जनरल षड्गवहादुर कुवर राणाजीलाई जुवाप लेषी गयाको टिग्या षलंगावाट चिवा पठायाको भोट्या जना ३ पक्रीयाको र इनै चिवाहरूले कह्याको षवर लेषी पठाउन्या काम वढीया गर्न्या छौ. पक्रीयाका चिवाजमा ३ लाई अरू कैफियत बुझी छोडी दिन्या हो की रोकी राषन्या हो भनी लेष्याको कुरालाई ति चेवा ३ लाई नेल हाली धनकुटामा ल्याई राषन्या काम गर्नु अव प्रान्त चिवा आयाकालाई पक्रीया भन्या मारिदीनु टिगरिबाट चिनिआ भारादार केरू तरफ आउन्या कुरा लेषी आयेछ र तिनीहरूलाई लेषन्या भन्या कुरा चिनीआ भारादार सिपाही श्री ५ वादसाहका हौ. तपाइहरूलाइ हाम्रो सलाम छ येस्तरफ आउन्या काम नगर माथीतिर जाई वस तपाइहरू हामीसंग लडन आयाका पनी होइनौ लडन्या सामर्थ पनी छैन हामी त भोटसंग लडन आयाका हौ. हाम्रा सिपाहीलाई भोट्याले गोलि लाउदा लडाजीमा पर्दा अैल्हे मेरो आग्या पनी मान्या छैन भोटका सिपाही र चिनीआ सिपाही चिह्नी पनी सक्तैनन् चिह्न नसक्नाले लडाजी पर्न जानन् तपजीहरू नआया वढीया होला घर सलतन गर्नु पर्न्यो भन्या मसंग भला

मानिस १०।१२ जना हातहतियार नली सेतो झंडा ली आया हुंछ जो गर्या कुरा म गरौला पछिवाट लस्कर ढेरै छ अंदाज नभयाको ठाउमा तपाजीहरू जान वढीया छैन तेतिका लस्करमा हाम्रो हुकुम थामन पनी असंभार छ भनी सकंज्याल मुषले चिठीले चिनीजा भारादार सिपाही-लाई ठुलो झै मानी पर सार्नु उति गर्दा पनी नमानी हातहतियार ली लडन आया भन्या कत्तल गरि लडनु चिवा पठाउनु पर्यो भन्या आफु चिवा नपक्रन्या गरि पठाउनु चिवा पक्रीया भन्या भोट्याले मारिदिन्या छन् तेस्कुराको वहुतै तजवीज गरि चिवा पठाउनु भोटवाट चिवा चर्चा गर्न पठायाका मानीस पक्रीया भन्या मारिदिनु घा गर्छौं भनी कोही पगरी लायेक दर्जाका मानिस आया भन्या हातहतियार छोडी आउ भनी भन्नु हातहतियार छोडी सेतो झंडा ली आउन्यासंग वातचित गर्नु भंन्या यो वेहोरा श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीलाई लेषी गया सोही वेहोरा तिमीलाई लेषी पठायाको छ तेस तर्फ पनी चिनीजा भारादार आया भन्या येही लेषिया वमोजिम लेवन्या भंन्या काम गन्या वढीया होला शुभम्–

वैसाष शुदी १४ रोज २ मा

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा मेजर कप्तान अम्वर्सि कुवर राणाजीले लेषी चह्राई पठायाको ज्मा भया-को रसद मुरी ४४६।१६ ली मुस्ताङका जनावरलाई बोकाई बैसाषका १५ दिन जादाको सायेत गरि मुस्ताङ-वाट ८।६ कोस दुस्मनको मुलुक झिर्नु भंन्या जगामा पुग्या-को थिआ मुस्ताङ तरफका जनावरलाई रसद वोकाई चिठी पुग्नी वित्तिकै वैसाषका १५ दिन जांदा ताहावाट झुगा जानु भंन्या चिठी अघी पठायाको हो अव र वैसाष-का १५ दिन जादा जानु भंन्या लेषी गयो तपनी वैसाषका १५ दिन जादा हिडन्या काम नगर्नु पल्टनलाइ चाहिन्या दोचा वषु पाल गैहुको रसद बोकन्या जनावर गैहुको तयार भै रहन्या काम गर्नु जाहावाट फलाना दिन जानु भंन्या लेषी गया पछि उसै सायेतमा ताहावाट झुगा तरफ जान्या काम गरौला अैल्हे जान्या काम नगर झुगामा हाम्रो र भोटको लडाजी जोरिरहेछ तेस तरफ पनी डाक दिन आउनन् आफु होसियारी पहरा चौकी विकट राषी वहुतै हुसियारीसंग रहन्या काम गर भंन्या लेषी बक्साका अर्थ मजकुर जगामा पल्टन अडी भन्या ठुलो लेष हिर्नु भयाको जगामा दारू वा पानी नहुन्या जगा हुनाले पल्टन अड्याउन सकियेन र फीरि मुस्ताङ आऱ्यौं मुस्ताङ वसी पहरा चौकी पाल जनावर ज्मा गर्या काम गरौला रसद वोकन्या जनावर समेत गैहु तयार गरि राषनु भनी लेषी वक्स्याका अर्थ थाक ५ गाउँ १२ गाउले १।१ षेप ल्याया फेर रसद ल्याउन भनी लिन जादा भोट तरफ अनाज गैहु १ माना पनी जान नदिनु भनी श्री प्राइममिनिष्टर साहेवको दस्वत छ भनी डिठ्ठा श्री लाल भट्टले रोक्दा काहाबाट अनाज ल्याउँ रसद पुऱ्याउ भनी दुनिजा राउ-छन् मुकाम मोस्ताङ शुभम्–

वैसाष शुदी १५ रोज ३ मा

तस्तै वषतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेरज ङ्ग कुवर राणाजीवाट लेषी चह्राई पठायाको वैसाष शुदी १४ रोज २ मा पश्चीम दिसावाट श्री भैरव-नाथ पल्टन पुर्व दिसावाट श्री नाथ र जंगनाथ उत्तरपट्टी-वाट पुराना गोरष गरि घेरा दी राष्याको रहेछ तेस वषतमा भैरवनाथ जंगनाथले पानी घट्टा थुनु भनी वढी जादा लडाजी भयेछ र श्री भैरवनाथ ३ पट्टीका उद्दार ५ पट्टीको सिपाही १ ज्मा २ षेत भयाका छन घाइत्या ३ जना भयाछन् दुस्मनका पट्टीबाट मारूमा हान्दोरहेछ पछि पछी २ घडी दिन वांकिमा हल्ला गरि किल्ला वाहिर निस्क्याछन् र श्री भैरवनाथ पल्टनले १०।८ वन्दुक र तोपका गिराफ येकै फेरा पार्दा दुस्मनका ३ जना षेत १ जना घाइत्या भै फेरि भागी दुस्मन किलैभित्र गयेछ वैसाष शुदी १५ रोज ३ का दिन श्री लेफटेन्ट जनरल दाजैज्यू र म झुगा पुग्यौ. मैदानका अर्थलाई र किल्लाका पुर्व–पश्चीम उत्तर–दक्षिण चारैतिर १ पाउँ १।। पाउँ जमीन मैदान रहेछ दक्षिणतिर २ पल्टनको षलंगा अघी

राषी देवी दतर हैजर १ छपंनी १ मद्दत ली डरा गर्न्या काम गर्‍यौ. हामी २ भाइले पनी डाडावाट किल्लामा ७६।७७ अषाज जंगी गोला हानी हेर्‍यौं र आडमा गै घर प्रषालमा लागी गोला लाग्याको ठाउ मात्र प्वाल पर्दी-रहेछ फुट्न्या भत्कन्या केही हुदो रहेनछ किल्ला भन्या चारौ तरफ ३।३ बुर्जा ३।३ तला गरि मजगुतीसंग वन्याको रहेछ भित्रका अर्थलाई सुनको मोलम्वा गजुर-स्मेतका घर ३ लामा राजा वस्या घर १ अंग्रेजी दस्तुर गरि मुन्दा घर वन्याका रह्याछन्. अघी अफीसरहरूले जंगी गोला फुट्न्या गोला वम गोला गरि ४।५ सै हान्दा किल्ला पनी फुट्न नसक्दा हामी दुइ भाइले वसी सल्लाह गरि माथी टापुमा गै दुर्वेनले हेरि तजबीज गर्दा पश्चीम दिसावाट ७ तोप येकै ठाउंमा हान्दा फुट्न सक्यो भन्या उस तरफवाट तोप र वन्दुकले पेलि काठका भड्याङ वनाई तिन दिसावाट पल्टनले पेली किल्ला भित्र हमला गरूंला भन्या झै लागीरहेछ. अघी लडाञी भयाको आड-को नक्सा र झुगा किल्लाको नक्सा उतारी चढाइ पठायाको छ. नजर भै जाहेर होला मुकाम झुगा शुभम्–

(क्रमशः)

About the Authors

Riccardo Garbini	–Epigraphist, Italy, Is.M.E.O.
M. Vidale	–Archaeologist, Is.M.E.O., Italy
C. Balista	–Geologist, Italy
V. Torrieri	–Archaeologist, Soprintendnza Abruzzi, Italy
Mr. Tara Nanda Mishra	–Chief Archaeological Officer, Dept. of Archaeology, HMG/Nepal
Mr. Shankar Man Rajbanshi	–Scholar, Nepal
Kalpana Shrestha	–Scholar, Nepal
Mrs. Rajya Shree Shrestha	–Assistant Lecturer, Padma Kanya Campus, Tribhuvan University, Nepal.
Mr. Tej Narayan Panjiyar Mtaaku	–Section Officer, National Planning Commission, Nepal.
Mr. Lila Bhakta Munnakarmi	–Scholar, Nepal.

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्ततथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraph manuscripts, numismatics, archives, art, and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'**.

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only and sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.